# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५ ] काठमाडौं पौष १८ गते २०१२ साल [संख्या १८

## कानून विभाग

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

## २०१२ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराज–चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र-वीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मधेश जिल्लाका गोस्वाराको बडाहाकिमको अख्तियारी सवालमा समयानुसार केही कलमहरू संशोधन र थप गर्नुपर्ने आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

संक्षिप्त नाम र विस्तार १ [१] यो ऐनको नाम—'मधेश गोस्वारा ऐन, २०१२' भन्ने रहेको छ।

[२] यो ऐन मधेश जिल्ला इलाकाभर लागू हुनेछ।

[३] यो ऐन जिल्लामा दाखिल भएको मितिदेखि लागू हुनेछ।

## शान्ति सुरक्षाको

१. (क) चोरी डकैती र राज्यको व्यवस्था उलट पुलट गर्नेसमेत हिंसात्मक काम कसैले गर्न नपाउने गरी रेखदेख पुर्‍याई शान्तिपूर्ण वातावरण कायम गर्ने पुलीसको कर्तव्य र जिल्लाका पुलीसहरू जिल्ला गोस्वाराका बडाहाकिमको रेख देखमा काम गर्ने हुनाले त्यसको पूरा पत्ता पुलीसविभागबाट राखी ती खबरहरूबाट हिंसात्मक काम गरी शान्तिभंग र राज्यको व्यवस्था उलट पुलट गर्ने कुनै व्यक्ति, जमात अथवा संघ र संस्था कसैले ध्येय लिएको बुझिएमा सो रोक्न देहायका कलममा देहायबमोजिम काम कारवाई गर्नु गराउनु पर्छ।

[क] सभा गरी जुलुस निकाली शान्तिभङ्ग गर्ने काम गर्न लागेको थाहा पाउनासाथ जिल्ला जिल्लाका बडाहाकिमहरूले सो काम गर्न नपाउने गरी पुलीसद्वारा रोक्न लगाउनुपर्छ।

[ख] स्थानीय पुलीसले कन्ट्रोल गर्न सकिएन भन्ने खबर पठाएमा जिल्लाका बडाहाकिम आफै गै वा असिस्टेन्ट अथवा कुनै खटाएको अफिसर तुरुन्त गै शान्त वातावरण ल्याउनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ग] केही गर्दा पनि मानेनन् भने लाठी चार्ज, टियरग्यास, फोहरा समेत अवस्थाअनुसार जे गर्नुपर्ने प्रयोग गरी शान्ति स्थापनुपर्छ ।

[घ] सो गर्दा पनि शान्त वातावरण ल्याउन सकिएन र गोली चलाउनुपर्ने आवश्यक परेमा सो गर्नुभन्दा अगाडि भिड-लाई हटदैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भिडले बुझ्ने गरी चेतावनी दिनु, त्यति गर्दा पनि हूल हटेनन् गोली चलाउनै पर्ने भयो भने खटी गएका गोस्वाराको बडाहा-किम, असिस्टेण्ट र अरू मातहत अड्डाका हाकिम जो छन्, उसैले गोली चलाउनानिमित्त अडर लेखी सहिछाप गरी दिनुपर्छ ।

[ङ] इलाका परिस्थिति विचारबाट अनुचित आन्दोलनको शंका भएकोमा पुलीसले जिल्लाका बडाहाकिमकहाँ तुरुन्त खबर दिनुपर्छ । ले खबरको आशंका पुलीसद्वारा वा अन्यत्रबाट खबर आई सुरक्षाको निमित्त कर्फ्यू लगाउनुपर्ने अवस्था देखिन आयो भने कर्फ्यू लगाउने बडाहाकिमले आडर दी गृहविभाग र राज्यव्यवस्थामा पनि तुरुन्त जाहेर गर्नु ।

[च] जिल्लाका बडाहाकिमले जिल्लाको मुख्य अफिसर र सो-देखि मुनिका जुनसुकै पुलीस या पुलीस अफिसरलाई काम र मौका हेरी लिखत या मौखिक अर्डर जे जुन दिनुपर्छ, दिन सक्नेछन् । सो अर्डर पाउनेले पनि सोबमोजिम तुरुन्त गर्नुपर्छ । कामको अनकूलले मौखिक अर्डरबाट काम लगाए-कोमा फुर्सद हुनासाथ उन्हाएको कामको लिखत अर्डर दिनु-पर्छ । अन्दोट भानी काम गर्नेले मौका पाउनासाथ लिखत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराई लिनुपर्दछ। पुलीसको मद्दतले मात्र शान्ति कायम हुन सकेन भने बडाहाकिमले स्थानीय नजिक मिलिटरी कम्याण्डरबाट चाहिंदो जंगी जवानको मद्दत लिन सक्नेछन्; मद्दत मागेमा मिलिटरीले तुरुन्त मद्दत दिनुपर्छ।

[छ] पुलीसविभागका कर्मचारीहरूले ठिक ठिकसँग काम गरे नगरेको जाँचबुझ गर्न र पुलीस विभागका कर्मचारीहरू उपर परेको उजुरमा र हाल खबर जाहेर गर्ने विषयमा समेत देहायबमोजिम गरी हेर्नुपर्छ।

[१] पुलीसको थाना चौकी कहाँ कहाँ छन् ठिकसँग रहे नरहेको र थाना चौकी ठिक छन् छैनन् बडा-हाकिमहरूले वखत वखतमा जाँच गर्नु गराउनुपर्छ। थाना चौकीका खेस्ताहरू जाँच गर्दा यो मितिमा जाँचिएको भनी जाँच्नेले निस्सा लगाई दिनुपर्छ।

[२] माथि उपदफा (छ) को उपदफा (१) बमोजिम जाँच्दा जांच्न लगाउँदा ठिक बेठिक के देखिन आउँछ सो रिपोर्ट गृहविभागमा पठाई १ प्रति बोधार्थ आई. जी. पी. कहाँ पनि पठाउने गर्नु।

[३] आफ्ना इलाकाको हाल खबर र कुनै काममा बन्दोबस्त गर्नुपर्ने देखिन आएमा आफ्नु राय समेत बडाहाकिमले लेखी सम्बन्धित विभागमा पठाई त्यस विषयको बोधार्थ १ प्रति र अरु हाल खबरै गृहविभागमा र राज्यव्यवस्थामा जाहेर गर्ने गर्नु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[४] पुलीसका कर्मचारीहरूले आफ्नु कर्तव्य पालन गरेनन् भन्नेसमेत शिकायत किसिमको निवेदन बडाहाकिमकहाँ पर्न आएमा स्थानीय अफिसर-देखि मनिका मानिसहरूको उपर पर्न आएको उजुर दावी स्थानीय मुख्य अफिसरकहाँ बुझाउनलाई लेखोटसाथ पठाउनुपर्छ ।

[५] स्थानीय माथिका मुख्य अफिसरउपर परेको उजुरीमा बडाहाकिमले नै हेर्ने, अरू त्यसदेखि माथिका उपरको उजुरी आएमा आई. जी. पी. छेउ पठाई बोधार्थ गृहविभाग तथा राज्यव्यावस्थामा पनि पठाउने गर्नु । आई. जी. पी. ले पनि त्यस्तो उजुरी किनारा गरी यस किसिमसँग किनारा भयो भन्ने कुरा बडाहाकिमकहाँ लेखी पठाउने गर्नुपर्छ ।

(६) बडाहाकिमको लेखोटसाथ त्यस्तो निवेदन पत्रहरू आएमा स्थानीय अफिसर र आई. जी. पी. ले पनि जो गर्नुपर्ने गरी यसमा यस किसिमबाट किनारा भयो भनी बडाहाकिमकहाँ पठाउनुपर्छ ।

(७) पुलीस कर्मचारीहरूले आफूले गर्नुपर्ने काम गर्दा अन्यायसँग ऐन सवाल सनद विरुद्ध गरी हामीहरूलाई दुःख पीर दिए भन्नेसमेत ऐन सवालले नालिस उजुर गर्न पाउने कुराको नालिस फिराद उजुर पर्न आएमा स्थानीय अफिसरसम्मका नाउँमा परे-को उजुर बडाहाकिमले हेरी किनारा लगाउनु

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसदेखि माथिका दर्जाहरूउपर उजुर पर्न आएमा सो उजुर तुरुन्त गृहविभागमा पठाउनू।

नोट— यसमा देहायका शब्दले देहायका दर्जाका पुलीस कर्मचारीलाई लिइएको छ।

स्थानिय मुख्य अफिसर भन्नाले एकै बडा हाकिमको इलाकाभित्रको [थानाहरूको निरीक्षण गर्ने अफिसर] मुख्य अफिसर।

स्थानीय अफिसर भन्नाले थानाको इनचार्ज।

स्थानीय मुनिका अफिसर भन्नाले स्थानीय अफिसर मुनिका अरु कर्मचारी।

(ज) देशमा शान्तिभंग हुने र मुलुकलाई हानि पुग्ने डर लाग्दो काम कुरो भैरहेको वा हुन लागेको समेत छ छैन भन्ने सुराक पत्ता लगाउनानिमित्त नगरी नहुने खर्चको लागी फि गोस्वाराके कं.रु ५०० निकाशा भएको छ। त्यसबाट चाहिने मानिसहरू राखी बराबर सुराक पत्ता लगाउँदै रहनुपर्छ। त्यसको सुराक पत्ता लागेमा आफ्ना आफ्ना इलाकाको शान्ति सुरक्षाको जिम्मा स्थानीय बडाहाकिमको हुने हुनाले निजले मौका हेरी आफैं जाने वा पुलीस अफिसर वा आफूमुनिका अरु अफिसर खटाउने समेत जो गर्नुपर्ने गरी शान्ति सुरक्षा कायम राख्नुपर्छ।

(झ) पुलीस विभागका अफिसरसमेतले गर्नुपर्ने लगाए अराएको काम ठिकसँग नगरेमा सो नगरेको कुरा लेखी आइ. जी. पी. गृहविभागमा पठाउने गर्नू। गृहविभाग र आई. जी. पी. ले पनि अनुशासनको पूरा विचारसाथ उचित कारबाई गरी टहर बडाहाकिमलाई पनि सूचना दिनू।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) चोरी डाँकाको बचाउनिमित्त कार्तिकदेखि चैत्रसम्म ६।६ महिना बेलुका ९ बजेदेखि बिहान ४ बजेसम्म र वैशाखदेखि आश्विनसम्म ६।६ महिना बेलुका १० बजेदेखि बिहान ३ बजेसम्म प्यारोल वा निकाशा लिएका मानिसबाहेक अरू मानिस आवत जावत बन्द गराउनू। सो ठाउँमा बडाहाकिमले पुलीस ठाना र गोरखाराका सुबेदार, जमादार हुद्दामा १ जना र सिपाही ४ समेत जम्मा ५ जनामा नघटाई प्यारोल दी ठाउँठाउँमा रमन घुमाउन लगाई बेटाइममा आवत जावत गर्नेलाई पक्री थुनी राखी भोलिपल्ट बडाहाकिमले जाँची बुझी शंका नलागेका छोड्नुपर्ने ठहरेकालाई छोडी र पटके अथवा बदमासी किसिमका ठहरेकालाई दिनसम्म खाली थुनी छाडिदिनू। आवश्यक पर्न आएमा बडाहाकिमले आफ्ना इलाकाभर जुन ठाउँमा आवश्यक पर्छ, पहिले नै समय अवधि स्थानको सूचना दिई लेखिएअनुसार आवत जावत बन्द गराउन सक्छन्। बेहकमा मानिसलाई दुःख पीर दिएको वा अनुचित कारवाई गरेको ठहरे बडाहाकिमले जवाफदेही हुनुपर्छ।

(ट) नेपाल सुरक्षा ऐनको प्रयोग गर्नुपर्‍यो भन्ने इलाकाको पुलीसको रिपोर्ट आएमा र अन्यप्रकारबाट खबर आएमा जिल्लाका बडाहाकिमहरूले सुरक्षा ऐनको प्रयोग गर्नुपर्ने भई गरेमा सो सूचना गृहविभागमा र राजव्यवस्थामा समेत दिनुपर्छ।

(ठ) जिल्लाका बडाहाकिमको विचारमा तुरुन्त कारवाई नगरेमा आफ्नो इलाकाभित्र कसैले कुनै काम गर्न लाग्दा वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८५

कतै केही वस्तु रहँदा या कसैले राख्दा हुन दंगा भई शान्ति सुरक्षा भंग हुने या न्यायोचित काम गर्ने हिडनेलाई बाधा विरोध रोकावट दुःख पीर या शारीरिक नोक्सानी हुने या ज्यान स्वास्थ्य या सुरक्षालाई नोक्सान गर्ने सम्भव देखिएमा र देहायबमोजिमको सो हुन गर्न नपाउने संभेत्रा संभव देखिएमा देहायबमोजिमको निर्देश दिए हुन्छ।

(१) कसैलाई कुनै कामका निषेध गर्ने।

(२) कुनै वस्तु या सम्पत्तिको मालिक या मैनेजरलाई कुनै वस्तु या चीज सो ठाउँबाट हटाउन या सो ठाउँमा कुनै काम नगर्नु भन्ने।

(ड) माथि लेखिएबमोजिमको निर्देश दिंदा सो निर्देश दिनुपर्ने मुख्य मुख्य कारण लेखी पुर्जी पठाउदा तुरुन्त हाजिरहुनु भन्ने बोली पार्नू। सो मानिस फेला नपरेमा र पुर्जी पठाउने समय नाईमा मौका हेरी ढोल भ्याली पीटाई या सबैले देख्ने मुख्य मुख्य २।४ ठाउँमा र फेला नपरे जस्लाई निर्देश दिनुपरेको छ, निजको घर दैलामा सो बेहोराको पुर्जी टाँसी यो निर्देश जारी गर्नु हुन्छ। निर्देश दिनुपर्ने मानिस फेला परेन भने वा समनको रीत पुगेको छैन भनी काम रोक्नुपर्दैन।

(ढ) कुनै खास स्थानीय इलाकाभित्र यसो नगर्नु भन्ने आ-डर कुनै खास व्यक्ति या सबैको लागि जारी गर्न हुन्छ।

(ण) आफु या आफ्ना साबिकवाला या आफ्ना मातहतको हाकिमले यो दफाअनुसार जारी गरेको यस्तो आडर उजुर पर्न आएमा वा आफ्नै विचार बाट बडाहाकिमले घट बढ या खारेज गर्न सकनन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(त) सो आदेशको खिलाप करेको दरखास्त विन्तिपत्र पर्न आए-मा विन्तिपत्रवाला या निजको वारेसलाई आफ्नो अफिसमा हाजिर भई आफ्नो बेहोरा सुनाई बहस गर्ने मौका दिनु पर्छ। निजको कुरा सबै वा केही वेमनासीब देखिएमा सो बुँदा काट्ने पर्चा लेखी र दस्तखत गर्नुपर्छ।

(थ) यस्तो अर्डर १ पटकमा २ महिनाभन्दा बढ्ता अवधिको जारी हुन सक्तैन, यस्तो अर्डर जारी गरेमा सो बेहोराको रिपोर्ट लेखी तुरुन्त गृहविभाग र राज्यव्यवस्थामा पठाउनुपर्छ।

[द] यस्तो रिपोर्ट आएमा राज्यव्यवस्थाबाट सो आदेश खारेज गर्नुपर्ने देखिए खारेज गर्न सक्छन्।

[ध] आफ्नो जिल्ला इलाकाभित्र जग्गा जमीन पानी अथवा सांध सिमानाबारे शान्तिभंग हुन जाने जस्तो झगडा भएको छ वा हुन लागेको छ भन्ने पुलीसको रिपोर्ट अथवा जाहेरी पर्न आएमा विचार गरी आफ्नो चित्तमा लागेका कुराको पर्चा खडा गरी सो पर्चाको मुख्य दाहरू पुगीमा परी त्यसले छुवै थर झगडियालाई त्यस्तो बडाहाकिमले तोकेको म्यादभित्र आफैं वा वारेसद्वारा गोस्वारा कचहरीमा आई सो झगडा परेको चल अचल झगडा परेको २ महिना अघि आफ्नो भोग चलनमा रहेको सबूदसाथ बयान गर्नु-पर्छ भन्ने निर्देश गर्नुपर्दछ।

[न] यो दफाको अभिप्रायका लागि जग्गा जमीन अथवा पानी भन्ने लब्जले घाटहरू बजार माछा मार्ने ठाउँ बाली नाली अथवा जग्गाको अरू उब्जनी र यस्तो जुनसुकै सम्पत्तिको किराय अथवा मुनाफासमेतलाई बनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[प] सो अर्डरको १ प्रति बडाहाकिमले निर्देश दिएअनुसार यसमा मानिस अथवा मानिसहरूलाई पुर्जी गरी पठाउनेछ र कमसेकम १ प्रतिलाई झगडा परेका वा पर्ने भन्ने संभव भएको ठाउँहरूको माझमा टाँसी प्रकाश दिनेछ ।

[फ] यस्तो मुद्दा अदालतहरूले निर्णय गर्ने हुनाले बडाहाकिमले झगडा परेको वस्तुको हक बेहक छुट्याउने काम गर्ने छैन । तर यस्तो अर्डर दिएकोमा २ महिनाअघि चलन गरी रहेकैलाई थामी राखी दिनुपर्ने बडाहाकिमका विचारमा लागेमा उसैको चलनमा दिन पनि सक्नेछन् । बडाहाकिमले संकटकालिन अवस्थाको हो भन्ने विचार गर्छ भने यो दफामुताबिक निर्णय नभएसम्म सो झगडा परेका वस्तु माथवर जिम्मा दिन सक्छ ।

[ब] यसरी अड्डामा आउनुपर्ने निर्देश पाएका दुवैथर झगडिया आई झगडा परेको या पर्ने संभव छैन भन्ने कागज गरी दिए भने उपदफा [फ] बमोजिमको आडर [निर्देश] बडाहाकिमले खारेज गर्नुपर्छ । त्यस किसिमसँग खारेज नभएसम्म सो आडर कायमै रहनेछ ।

[भ] बडाहाकिमका इलाकाभित्रमा कुनै व्यक्तिले शान्तिभंग गर्न खोजेको छ भन्ने भरपर्दो खबर आयो र सो खबर बडाहाकिमलाई मुनासिब लाग्यो भने त्यस्ता व्यक्तिलाई धन जमानत वा हाजिर जमानी अथवा फैज जमानी लिई वा नलिई एवं दिनसम्म शान्तिभंग हुने काम गर्नेछैन भन्ने कागज गराउन सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[म] माथि उपदफा [भ] बमोजिम काम गर्न अख्तियार नभएका असिस्टेन्ट र सो मुनिका अफिसरहरूलाई आफ्ना मातहत भित्रमा कुनै ठाउँमा कुनै व्यक्तिले शान्तिभंग गर्न लागेको छ भन्ने भरपर्दो खबर आएमा त्यस्ता मानिसहरूलाई पुर्जी गरी पक्री बडाहाकिमकहाँ पक्रनाको कारणसमेत खोली पठाइनुपर्दछ, त्यस्ता मानिसहरूलाई थुन्नु छाड्नु बडाहाकिमको तजबीज।

(य) माथी [ म ] [ भ ] दफाहरूबमोजिम कागजहरू गराउँदा गर्दिन भनी नाजायज अड्नेलाई बडाहाकिमका तजबीजले ६ महिनासम्म थुनामा राख्न सकनेछन्।

[र] जिल्ला–बडाहाकिमका इलाकाभित्र कुनै मानिसले लेखेर अथवा वचनले अथवा कुनै किसिमबाट श्री ५ महाराजाधिराज र मौसूफका राज–परिवार, नेपालका र नेपालस्थित राज-दूतहरू तथा कानूनद्वारा स्थापित सरकारलाई द्वेष र घृणा उत्पन्न गर्ने प्रयत्न गर्छ भन्ने पूरा प्रमाण पुगेमा त्यस्ता व्यक्तिलाई रु. १००० सम्म जरिवाना बडाहाकिमले गर्न सक्नेछन्, त्यति सजायले नपुग्ने देखी जाहेर गरेमा १ वर्ष-सम्म कैदै सजाय सरकारले गर्न सक्नेछ। तर रजिष्टर भएका अखबारका सम्पादक, त्यसका धनी र छाप्ने मानिसप्रति २००६ साल छापाखाना र प्रकाशन रजिष्टरी सम्बन्धी ऐन र २००८ सालको प्रकाशन रजिष्टरी ऐनबमोजिम हुनेछ।

(ल) सरकारले गरेको काममा विद्वेष घृणा नफैलाई आलोचना गरेकोमा र त्यस्तो सरकारी कारवाईलाई न्यायोचित उपायले परिवर्तन गर्ने उद्देश्यले गरेको कामलाई माथि (र) दफाबमोजिम सजाय गर्न हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ध) देहायका ६ कुराको आदत भएका व्यक्तिउपर बडाहाकिमलाई शंका लागेमा धन जमानत ली वा हाजिर जमानत ली अथवा फैल जमानी ली वा नली एक पटक १ वर्षसम्म सो काम गर्नेछैन भन्ने कागज गराउन सक्नेछन्।

(१) शान्तिभंग गर्ने;

(२) बराबर चोरी डाँका र डकैती गर्ने;

(३) चोरी हुपाएको माल हो भनी जानी जानीकन पनि लिने किन्ने,

(४) चोरी डाँकालाई बस्न दिने, उसले चोरी डकैती गरी ल्याएको माल लुकाउने अथवा लुकाउन मद्दत गर्ने।

(५) बराबर स्त्रीजातिको जबरजस्ती सतीत्व डगाउने र ज्यु मास्ने बेच्ने महलको दफा २ र ३ मा लेखिएको काम गर्ने।

(६) जमानत नलिई छुटा रहन दिएमा समाजलाई खतरा हुन जाला भनी शंका भएको खतर्नाक व्यक्ति।

[श] शान्ति सुरक्षा राख्ने विषयमा बडाहाकिमहरूलाई दिइएको अख्तियारीबमोजिमको काममा निजहरूले कुनै अदालतमा सवाल जवाफ गर्नुपर्नेछैन।

२. मुद्दा मामिला हेर्ने विषयमा देहायबमोजिम गर्नु गराउनु।

[क] जिल्ला पुलीसका नाउँमा भएका सवालबमोजिम स्थानीय पुलीस र पुलीस अफिसरहरूले गर्नुपर्ने काम काजमा सबैत जिल्लाका बडाहाकिमले हेरदेख गर्ने भएकोले अवश्य:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

त्र पुलीसको सवालबमोजिम पुलीसले पक्राउ गरी ल्याएका मुद्दाहरूमा देहायमा लेखिएबमोजिमको मुद्दाहरू बडाहाकिमहरूले हेर्ने र अरुमा इलाका अदालत अमिनीहरूमा बुझाइदिनुपर्छ। इलाका अदालतहरूले पनि सो मुद्दाहरु बुझी सो ऐन सवालबमोजिम कारबाई गर्नू।

(१) सरकारिया चोरीमा, जतिसुकै दश बिगो भएको भए पनि।

(२) कुटपिट वेरमती मुद्दामा अंगभङ्ग पुगेको वा खत नपरी नीलडाम दाम रगतपक्षसम्म मात्र भएको र वेरमतीका ऐनले सजाय हुने मुद्दा।

(३) १ वर्षदेखि बढ्ता कैद नहुने र ५० रु देखि बढी बिगो नभएको चोरी मुद्दा औ जतिसुकै सजाय हुने भए पनि घमलीमारा।

(४) खोटा चलन।

(५) खोटा टक मार्ने।

(६) जतिसुकै बिगो भएपनि सरकारिया र साहू महाजनको समेत भारी चोरी गरेका चोर पक्राउ गरी बजार अड्डाबाट बुझाउन पठाएको चोरी मुद्दा।

(७) कालो बजार।

(८) नाफा खोर।

(९) चली आएको देव देवताको स्थानमा बाहेक स्त्री-जाती चौपाया मारेको।

(ख) अपील हेर्ने विषयमा देहायबमोजिम गर्नु गराउनुपर्छ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
952

(क) जिल्ला गोस्वारा मातहतका सेस्ता अड्डाहरूले गरेको फैसलाउपर चित्त नबुझनेले देहायबमोजिम जिल्ला गोस्वारामा अपील गर्न पाउँछ, जिल्ला गोस्वाराले पनि देहायबमोजिम गरी किनारा गरिदिनुपर्छ ।

(१) अरू अड्डाउपर अपील परेको जग्गा जमीनमा ५ रोपनी, ५ बिगाहा, माटो मुरी नखुलेकोमा १ रुपैयाँ तिरोको बिगामा रु ५०० दण्डमा रु १०० कैदमा रुपैयाँ तिर्न पाउने नपाउने समेत २ किसिमको १ वर्षसम्म कैद हुने मुद्दामा सुरू तहका अड्डासँग बडाहाकिमको राय मिली फैसला भएमा अपील अड्डाबाई भएका अख्तियारीसरह बडाहाकिमउपर अपील लाग्न सक्दैन।

(२) लेखिएको बिगो दण्ड कैद हुनेमा पनि सुरु अड्डाको र गोस्वाराको राय नमिलेमा र सोभन्दा बढी दण्ड बिगो कैद हुने मुद्दामध्ये भंसार चोरी र कालोबजार गरेको मुद्दाबाहेक अरू मुद्दामा चित्त नबुझनेले ऐनका म्यादभित्र गोस्वाराउपर न्यायालयमा अपील दिनुपर्छ ।

[३] भंसारविषयको र कालो बजारवारेको जतिसुकै बिगो दण्डकैद हुने र अरू सरकार दुनियाँ सम्बन्धीको मुद्दामा बडाहाकिमले पाएका अख्तियारीभन्दा बढी दण्ड सजाय हुने मुद्दामा बडाहाकिमउपर सम्बन्धित विभागमा अपील गर्न पाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

956

[ख] बडाहाकिमहरुले सुरु आफ्नै अड्डामा डायर भएका मुद्दा मामिलामा रु. २५ सम्म दण्ड गरेको मुद्दामा भने बडाहाकिमहरुउपर अपील लाग्न सक्तैन।

[ग] मातहत अड्डाउपर परेका अपील र मुद्दा मामिलासमेत ऐनका म्यादभित्र ऐन सवाल अख्तियारबमोजिम छिन्नु बाहेर गर्नुपर्नेजति ठहर्‍याई जाहेर गर्नु, नछिनी बाँकी राखेमा मनासीब कारणले रहेको बाहेक अरुमा गोस्वाराका बडाहाकिमलाई मुद्दैपिच्छे रु १० जरीवाना हुनेछ।

[घ] यो सवाल जारी हुनुभन्दा अघि डायर भई रहेका मुद्दाहरुमध्ये हेर्ने अख्तियारी पारभन्दा बढी बिगो दण्ड कैद लाग्ने प्रमांगीले डायर भैरहेका मुद्दाहरू इलाका अदालत अफिसमेत जहाँ बुझाउनुपर्छ बुझाइदिनू।

[ङ] सरह दिया मुगलानिया समेत जो सुकैले गुप्ती तलवार ली हिंडेमा र बदमासीको नियतले तरवार कटारी छुरी ली हिंडेको शंकाले पक्री आएकोमा बडाहाकिमले बुझ्दा पनि बदमासीको नियतले ली हिंडेको ठहरे फैसला गरी सजाय गर्नुपर्छ।

[च] माथि [ङ] दफामा लेखिएबमोजिम भएकोमा हतियार जफत गरी ली रु. ५ देखि रु. ५०० सम्म जरिवाना वा १ दिनदेखि ३ महिनासम्म कैद अथवा कैद र दण्डसमेत दुवै बडाहाकिमका तजवीजले गर्नेछन्।

३. देहायका कुरामा देहायमै लेखिएबमोजिम गर्नु गराउनुपर्छ.

[क] बाटो घाटो इत्यादिमा परी रहेको मालहरु पाइयो फेला पर्‍यो भने कोही कैले पनि सो पाए फेला पारेमा ३५ दिन-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

भित्र नजिक ठाना चौकी अड्डाहरु जो छ, त्यहाँ दाखिल गर्नुपर्छ, त्यस्तो माल दाखिल हुन आएमा पत्र पत्रिका भएका ठाउँमा पत्र पत्रिकामा छपाई दिने नभएका ठाउँमा अड्डैबाट नोटीस टाँसी दी सो छापी प्रकाश भएको र टाँसिएको ३५ दिनभित्र लिन आएमा उसको ठहरे भरपाई गराई दिनु, कसैले लिन नआएमा लिलाम बिक्री गराई नगदी रुपैयाँ सदरस्याहा बाँध्ने गर्नु, पाउनेले लुकाई छिपाई राखेमा वा लेखियाका म्यादमा दाखिल नगरी आफैले लिए चलन गरेको र बिक्री गरेको ठहरे चोरीसरह सजाय पाउनेछ।

( ख ) आफ्ना इलाकाभित्रका अघि काठ ढुंगा वा धातुहरुमा दर्शनीय मनोहर ऐतिहासिक प्राचीन स्मारक चित्र र तामापत्र, भुजापत्र, काठपत्र, शिलापत्र बनाई राखेको छ र हिफाजतबेगर सो चित्र र काठपत्र शिलापत्रसमेत घाम पानीले नोक्सान पार्ने या चोरिने संभव देखिए सो चित्रसमेत जस्ताका तस्तमा रहेको छ, उसैबाट हिफाजत पुर्‍याउन लगाउन पर्छ।

( ग ) आफ्ना आफ्ना जिल्ला ईलाकाभित्र प्राचीन गढ किल्ला भएको ठाउँ वा ढुंगा इत्यादि समेत कसैले हिनामिना गर्न नपाउने गरी हिफाजतसँग राख्नुपर्छ। सो राख्नलाई खर्चको निकाशा चाहिने भएमा सम्बन्धित विभागमा रिपोर्ट गर्नु, सम्बन्धित विभागबाट पनि मुनासिबमाफिक निकाशा दिनु छ।

( घ ) सरकारबाट कर नलागेका मनोरञ्जनका लागी कसैले टिकट लगाई खेल तमाशा देखाएमा त्यस विषयमा अर्थ-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभागबाट निकालेका रूल नियमबमोजिम असूल गर्नु-पर्ने विलास–कर जिल्ला जिल्लाका बडाहाकिमहरूले चेख गर्दै रही असुल गरी गराई इलाका मालमा दाखिल गरी स्याहामा आमदानी बाँध्ने गर्नु, गर्न लाउनुपर्छ ।

(ङ) सरकारी पाउना, स्वदेशी विदेशी विशेषज्ञ अफिसरहरू जाँदा आउँदा बडाहाकिम दौडाहामा जाँदा आउँदा समेत बस्नालाई नाका परेको मुख्य मुख्य ठाउँमा बंगाला बनाई राख्नुपर्ने हुनाले आफ्ना इलाकाको कुन कुन ठाउँमा के कस्तो नाका परेको छ, त्यस ठाउँमा के कस्तो बंगाला बनाउन के कति खर्च लाग्छ, लगत स्टमेट गराई सम्बन्धित विभागमा जाहेर गरी निकासा ली बनाउन लाउनुपर्छ। विभागबाट त्यस कुराको विचार नपुर्‍याएमा र निकाशा नदिएमा साल तमाम भएपछि राज्यव्यवस्थामा रिपोट गरी निकाशा लिनू।

(च) अमल खाई बाटो घाटोमा बेसुरसँग बोली रहने बेदस्तुर फनदरी कुरा गरी हिंड्नेलाई अमलले नछाड़ेसम्म थुनी राखनू, अमलले छाडेपछि फेरी यस्तो रीत गर्न लायौ भने भारी सजाय होला भनी संझाई छाडिदिनू, बेहिसावसमेत गरेको रहेछ भने जस्ता रीतले बेहिसाव गरेको छ, सोही ऐनबमोजिम गरी छाडिदिन लाउनू। सो गर्ने मानिस जागीरे रहेछ भने पनि सजाय भने अरूसरह नै हुन्छ ।

(छ) जागीरदारहरूमाथि उपदफा (च) मा लेखिएबमोजिम गरी हिंडेका रहेछन् भने त्यस्ताको रेकर्ड राखी सालतमाम भएका ३ दिनभित्र सम्बन्धित विभागमा लेखी पठाउनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) धुन दिएको लुगा धोबीले लयो वा अर्कालाई लाउन दिएको ठहर्न आयो भने रु १ देखि २० सम्म जरीवाना गर्ने बडाहाकिमको तजवीज।

(झ) दर्जावाल अफिसरले लाउने टोपी दर्जा नपुगेकाले लाएमा मिलेटरीको कुरा पर्न आएमा आर्मी हेड्क्वार्टरसँग गर्नें हुनाले आर्मीहेडक्वार्टरसमा लेखी पठाई दिनु. अरूको हकमा बडाहाकिमको तजवीजले रु १ देखि रु ५ सम्म जरिवाना गर्ने गर्नु।

(ञ) यात्रा मेलाजात्रा धेरै मानिस जम्मा भएका ठाउँमा अनरीत गर्नेलाई सजाय गर्न ऐन सवालमा नमिलेकोमा कसूर हेरी रु. १ देखि रु. १०० सम्म जरीवाना वा १ दिन-देखि ६ महिनासम्म कैद अथवा दण्ड कैद दुवै बडाहाकिमका तजवीजले गर्नेछन्।

(ट) पकाउ भै आएको वेप बन्दुक गोली गट्टा छर्रा र हातहतियारहरू सम्बन्धित विभागमा जाहेर गरी निकाशा भएबमोजिम जहाँ बुझाउनुपर्छ बुझाइदिने र जिन्सी किताबमा आमदानी बाँध्नुपर्ने जति आमदानी बाँध्ने गर्नुपर्छ।

(ठ) मुद्दा मामिलाको पुर्पक्षलाई थुन्नुपर्ने मानिस थुनामा राख्ननिमित्त खोर नभएका गोस्वाराले खोर नबनिएसम्म भएका सरकारी घरखाट काम चलाउँदै रही छुट्टै खोर बनाउनुपर्ने भए लागत इष्टिमेट गरी जाहेर गरी निकाशा ली खोर बनाउन लाउनु।

[ड] खोरमा थुनिएका मानिसलाई खानाखर्चनिमित्त चाहिने दरबन्दीबमोजिम खर्च गर्न प्रत्येक जिल्ला गोस्वारालाई सालको रु. ६०० [illegible]

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मालबाट खर्च लेखाई खुवाउनुपर्छ। मालले पनि लेखिएबमो जिमको खर्च चाहिने भै लेखी आएमा मालले पनि आफूलाई भएका ऐन सवालबमोजिम खर्च लेखी दिनुपर्छ।

[ढ] बडाहाकिमले छिनेका मुद्दा मामिलाहरूको लगत दिने हकमा मालतर्फको लगत मालमा र अरू मुद्दाको लगत जिल्ला जिल्लाको अमिनी तहसीलमा ऐन सवालको रीत पुऱ्याई दिनुपर्छ अमिनी तहसीलले र मालहरूले पनि गोस्वाराबाट दिएको लगत लो ऐन सवालबमोजिम गरी असूल तहसील गर्नुपर्छ।

[ण] जिल्ला गोस्वाराबाट फैसला गरेको मुद्दा मामिलाका मिसिलहरू सम्बन्धित अड्डाहरूमै पठाई हिफाजतसाथ राखन लाउने गर्नुछ।

[त] गोस्वारामा दायर भएका मुद्दा मामिलाबाट जग्गा वाली-लामायत रोक्का गर्नुपर्ने हुन आएमा सो काम असिस्टेन्ट तहसीलले गर्नुपर्छ, न रेवाद नोक्सान परे असिस्टेन्ट तहसीर जवाफदेही हुनुपर्छ।

(थ) चोरी डाँका र अरू बदमासी गरेमा सजाय भएको र बदमास बदचलन लेखिएका मानिसहरू पुलीसले पत्ता लगाई बडाहाकिमकहाँ नाम नामासीको लिष्ट पठाउनुपर्छ।

(द) सो लिष्ट आएमा बडाहाकिमले पनि जाँची बुझी मनासीब देखिएमा मनासीब भन्ने लेखी र नदेखिएमा त्यसको कारणसमेत खाली १ मति हाल साविकमा बुझ बुझारथमा चढाउने गरी आफिसमा राखनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ध) सो किताबबाट पछि थप हुन आउने मानिसको हकमा पनि सोबमोजिम रीत पुऱ्याई थप गर्दै गै ती मानिसहरू-उपर बडाहाकिमले चेख गर्दै गराउँदै रहनुपर्छ ।

(न) आफ्ना इलाकाभित्रमा जम्मा घर यति छ, महाजनको कोठी यति, दोकान यति छन्, त्यसमा अफिसर हाकिम कारिन्दा रोजगारी बेरोजगारी यति छन्, अघि चोरी बदमासी हुल्याहामा परेका गुण्डा रण्डीबाजी गर्ने, अम्बली झगडा बोकी हिंड्ने औकात दर्जा नाघी खर्च गर्ने यति छ, सो मानिस यो यो काम गर्छन् भन्ने गैह्रको लगत नामासी लेखी आफ्ना इलाकाभरको ठाना चौकीले तेरीज खडा-गरी साल बसाल थप घट हुन आएमा थप घट समेत गरी दुरुस्त लगत गरी अफिसर हुद्दासम्मको सहिछाप गरी १ प्रति ठाना चौकीमै राख्नू, १ प्रति साल तमाम भएका १५ दिनभित्र गोरखारामा पनि दी हाल साबिक हुँदा सो लगत बर बुझारथमा समेत चढाउने गर्नुपर्छ । ती मानिसको उपरमा केही कुरा शंका भयो वा सरकारबाट वा अड्डा कचहरीबाट खोजी भयो भने तुरुन्त हाजिर गराउन सक्नुपर्छ । सोबमोजिम गर्न नसक्ने सब इन्सपेक्टर, हुद्दा, जमादार, सिपाहीले सजाय पाउनेछन् ।

[प] जिल्ला जिल्लाको बडाहाकिमहरूले दौडाहासमेत सरकारी काममा जाँदा सरकारी घरहरू भएको ठाउँमा सरकारी घरमा बस्न पाउनेछन् । सो सरकारी घरमा बस्नेसँग फीस किराय लिने गरी आएको भए पनि लाग्दैन दिनुपर्दैन । बडाहाकिमले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारी कामको लागी टेलीफोन आकाशवाणीको चलन गर्न पाउँनन्; महसूल दिनु लिनुपर्दैन।

[फ] सरकारी कामको लागी र स्वदेशी विदेशीहरूको डेरा र बहालको कन्ट्रोल गर्ने विषयमा गृहविभागबाट प्रकाशित भएको र हुने रुल नियमबमोजिम भए नभएको इलाका इलाकाको बडाहाकिमहरूले जाँची रुल नियमबमोजिम काम गराउनु, प्रकाशित भएको रुल नियमबाट काम गर्न बाधा परेमा गृहविभागमा जाहेर गरी निकाशा भएबमोजिम गर्नु।

[ब] देहायका कुरामा देहायमा लेखिएबमोजिम गर्नु गराउनु।

[क] अबउप्रान्त मन्त्रालय विभाग विभागहरूबाट जुन कुरामा जे गर्नु भन्ने आदेश भई आउँछ, सवाल सनदले हेर्न बुझ्न पाउने अख्तियारीभित्रको काम भए तुरुन्तै गर्ने गर्नु र सवाल सनदले हेर्न बुझ्न नपर्ने भए सोही बेहोरा तुरुन्त लेखी पठाउनुपर्छ।

[ख] मातहतका अड्डाहरूमा रहेका नोटको छोटी बढी नम्बरहरूको फाँट वी राख्नेबारेमा मालका नाउँमा भएका सवालको ७५ दफाबमोजिम स्रेस्ता खडा गर्न लगाई त्यसको १ प्रति गोस्वाराबाट वी आमदानी खर्च भएमा समेत जनाउने गर्नुपर्छ।

[ग] जिल्लाको हाल खबर र परिस्थिति औ पार्टीहरूको खबरसमेत गैह्र हाल खबरको जाहेरी १५ रोज कायम टायममा राज्यव्यवस्थामा र उब्जनी अनाजको दर भाउ ७|७ दिनमा खाद्यविभागमा र ऐन सवाल जावताइब-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मोजिम भएका कामको महिना महिनाको हाल साविक मछिरको सेरीज ४२ नम्बरका नमूनाबमोजिमको फाराममा लेखी गोश्वाराका बडाहाकिम असिस्टेन्ट तहरीरसमेत ऐन सवालले हाप लगाउनुपर्नेजतिको सहिछाप गरी गाई महिना पुगेका ३ दिनभित्र तालुक सम्बन्धित विभागमा जाहेर गर्नु, नगरे ऐन सवालबमोजिम हुनेछ।

[घ] बडाहाकिमले अड्डामा बसेका बखत र दौडाहा गर्न गएका बखतमा गरेका कामको आफैले रोज रोजै डायरी लेख्ने र मातहतका अड्डाका हाकिमहरूलाई समेत गरेको कामको डायरी लेख्ने गर्न लगाई सो डायरीहरू वर्ष दिनमा भएका कामको फाँटवारी सवालबमोजिम तयार गराई सम्बन्धित विभागमार्फत जाहेर गर्ने गर्नु, लेखिएबमोजिम नगरेमा सम्बन्धित विभागबाट ऐन सवालबमोजिम गर्नेछन्।

(भ) गोश्वाराका बडाहाकिमलगायत हाकिम कारिन्दा र कारिन्दा जागीरदारहरू कसैले पनि मगन्ता गाउँ मौजामा रसद उठाई लिन खान र अरूलाई खुवाउनसमेत हुँदैन, गाउँ बजारमा चलेका भाउले मुफत मोल तिरी खुस खरिद गरी खानु, कुनै जागीरदारले रसद उठाई खाए खुवाएको र बेहिसाबमा लिएको समेत रैती जिम्मिदारको उजुरी परी बुझ्दा ठहरियो भने कामदार कारिन्दा भए ऐनबमोजिम गर्नु, हाकिम बडाहाकिमले खाए खुवाएको भए ऐन सवालबमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[म] सरकारिया वा आफना घरायसी काममा रैती दुनियाँ कसैलाई पनि बेठांमा करेकाप लगाई काम लगाउनु हुँदैन, काम लगाउनुपरेमा मुफत मजुरी दी राजी खुशीसँग काम लगाउनू भनी मातहतका अड्डाहरूलाई उर्दी पुर्जी दी राखी गोश्वाराबाट पनि लेखिएबमोजिम गर्नु, गर्न लाउनू। सो बमोजिम नगरी काम लगाएको उजुरी परी बुझ्दा ठहऱ्यो भने मातहत अड्डाले गरेकोमा गोश्वाराबाट ऐनबमोजिम गर्नु गोश्वाराले गरेकोमा ऐन सवालबमोजिम हुनेछ।

[य] बाघ चितुवाले गाउँ घरमा आई मानिस माऱ्यो वा घाइते गऱ्यो भनी कसैले जाहेर गर्न आयो अथवा थाहा भयो भने सो बाघ चितुवालाई मारी मार्न लगाई त्यसको सर्वाङ्ग छाला काट्न लगाई सुकाई नारायणहिटी दरबारमा चलान गरी पठाउनु।

[र] अख्तियारवाला जाहेर गरी निकाशा लिनुपर्ने कुराको जाहेरी विन्तिपत्र जाहेर गर्दा ऐन सवालको रीत पुऱ्याई जुन जुन कामको सम्बन्धित विभागमार्फत जाहेर गरी निकाशा लिनुपर्छ, चाँडो निकाशा लिनुपर्ने कुरामा तार टेलिफोन आकाशवाणीसमेतबाट सम्बन्धित विभागमार्फत जाहेर गर्नु।

[ल] आफना मातहत अड्डा अड्डाका हाकिम तहसीलहरूउपर परेको उजुरी मुद्दामामिला जो जति भए गरेको छ, सो मुद्दाहरू ऐनका म्यादभित्र छिनी छिन्न लगाई बर्षदिनको काम भएपछि जाहेर गर्ने फाँटवारीसाथ सम्बन्धित विभागमा जाहेर गर्नु। सो घाहिर थामी जाहेर गर्नु, सो म्यादभित्र नछिनी

अधिकारिकता सम्बन्धित विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

202

पछि मुद्दाको बर्खास्त भयो भने सो म्याद पछि खाएको तलब सुद्दा नछिनी दिलाउने हाकिमले तिर्नुपर्छ। म्यादभित्र छिन्न अड्काउ भए सम्बन्धित विभागमा जाहेर गरी म्याद थप गराई लिनू।

[व] जुन बखत चोरी डाँका हुन्छ, सो बखत फेला परी पक्राउ भएको र उस बखत फेला नपरी पक्राउ हुन नसकेको अथवा पछि पक्राउ भै आएको समेत फाँटवारी जुन जुन बखत चोरी डाँका भएको पक्राउ भएको छ, तुरुन्त गृहविभागमा जाहेर गर्नू।

(श) सम्बन्धित विभागहरूमा प्राइभेट राख्नुपर्ने कुराको खाममा नम्बर मात्र लेखी पठाउने गर्नू, यो विषयको भनी खोली लेख्नुपर्दैन।

(ष) गोस्वारासमेत मातहत अड्डा अड्डाका हाकिम कारिन्दाहरूलाई बाहालगिरी चाँदनाके कम्पूकोत तहवीलबाट जिम्मा गए लगेका सुन चाँदीको चाँद तोडाहरू कम्पुकोतमा बुझाउन बाँकी भए जस जसले जिम्मा लगेको हो, उसैले कम्पुकोत तहबिलमै बुझाई आफ्नो भरपाई चेताई लिनू। अबउपान्तलाई कम्पुकोटबाट चाँद तोडाहरू बाहालगिरी दिनु दिलाउनु पर्दैन।

[श नोकरीको बयान लेखी जाहेर गर्ने काममा मातहत अड्डाको जति सोही अड्डालाई भएका सवाल बमोजिम वार्षिक कामको फाँटवारीसाथ बुझी ली गोस्वाराको हाकिमदेखि नौसिन्दासम्मको नोकरी छँदा जो जे पाएको छ सो र नोकरी भरेको वर्ष समेत देखिने गरी लिनुपर्नेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिनेछ

२०६

जागी वा पजनीमा लोसिएपछि भर्ना भएको र बिचमा अदल बदल भएको र नयाँ भर्नासमेत देखिने गरी साल बसाल नोकरीको बयानको किताब खडा गरी भराई वार्षिक कामको फाँटवारीसाथ जाहेर गर्नु ।

[ह] चोर डाँकू ज्यानमारासमेत जेलखानामा थुनिएको कैदी र कसैले कसैलाई बिष खुवाई वा जबरजस्ती चोरी रह-जनी डाँका गरी भागेको औ सरकार वादी भै ऐन सवालले पक्राउ गर्न पर्ने र सनद दस्तखत पुर्जीबाट पक्राउ गर्नु-पर्ने भै हुलिया जारी गर्नुपर्ने फेगरी मानिसको हुलिया इन्स्पेक्टर अफिसमा लखी पठाई सो हुलिया जारी भएको बापतीहरू पक्राउ भै आएमा पनि अघि आफूले हुलिया लेखी पठाएका अड्डामा समेत जनाउ दिने गर्नु।

[ज्ञ] ओभरसियरहरू आडर पुर्जीबमोजिम जिल्ला जिल्लामा जानु आउनुपरेमा भाडा घोडा कार कुल्ली जे जति जुन दर रेटले ज्याला मजुरी दिनु भन्ने पब्लिक वर्क्स संभार बिभागबाट निकाशा भैहेको छ, सो आदर निकाशा-बमोजिम गर्नु निकाशा भै नआएको भए सो बिभागमा रिपोर्ट गरी निकाशा गराई लिनु सो निकाशा भै नआए-सम्म भैरहेका सवालबमोजिम गर्नु।

[क्ष] सरकारी पाहुना र आफूखुशीले भ्रमण गर्न आउने प्रति-ष्ठित व्यक्तिहरू आएमा सदरबाट आदर भएकोमा सोही-बमोजिम र आफूखुशी आएमा हुनसम्म सुविधा हुने मा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

हिंडो बन्दोबस्त मिलाई आए भएको र निजले गरेको कामको रिपोट संबन्धी विभागमा र राज्यव्यवस्था विभागमा पठाउने गर्नू।

४. बन्दूक खर खजानाहरूको पास गरी दिनेमा माफता र देहायमा लेखिएबमोजिम गर्नू गर्न लाउनु ।

[क] आफ्ना इलाकाभर गोस्वाराका बडाहाकिमलगायत जिमीदार रैतीहरूसँग रहेको बन्दूक पिस्तोल तमंचा गोली गट्टा कार्तौस जो भति छ; सबै लगत ली राख्नू ।

[ख] यो लगतबमोजिम जिल्ला भरका गाउँ मौजा मानिसको दर्ता नामथर र यो या सँग यो यो किसिमको यति यति बन्दूक खरखजाना रहेको छ भन्ने खुलाई पछि थपघट भएकोमा समेत थपघट मिलाउन हुने किसिमको लगत किताप खडा गरी थपघट भएकोमा थपघटसमेत जनाई ठिक दुरुस्त गरी राखी सो लगतको एक प्रति इन्सपेक्टर आफिसमा र १ प्रति गृहविभागमा पठाई दी गोस्वारामा रहेको किताप बुक्क घुफाथमा चढाउनु ।

[ग] बन्दूक खर खजानाहरू पास नगराई राख्न हुँदैन भन्ने अघि नै उर्दी पुर्जी भैसकेको हुनाले बेपासको बन्दूक खर खजानाहरू कसैले राख्न नपाउने हुँदा पास नगराई राखेको देखिन आए त्यस्तो बन्दूक खर खजानाहरू जफत गरी इन्सपेक्टर अफिसमा रहेको बन्दूक खर खजानातर्फको जिन्सी कितापमा आमदानी बाँध्न लगाई ३ महिनादेखि ३ वर्षसम्म कैदै बडाहाकिमको तजवीजले गर्न सक्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[घ] सो पास गरी दिएको बन्दूकसमेत हात हतियारहरूमा नम्बर दिनालाई नम्बरको टाँचा बनाई राखेको नभए बनाई राखी बन्दूकको कुन्जामा नम्बर काटी लगत किताबमा पनि नम्बर जनाई राख्न ।

[ङ] गोस्वाराका बडाहाकिमको निजायतमा रहेको बन्दूक खर खजानाहरूको सदर काठमाडौं मैजिष्ट्रेटबाट लाइसेन्स गराई राख्नु । सो राखिने हुनाले अरू गैह्रलाई दिने पासको लगतमा गोस्वाराको बडाहाकिमको छाप लगाई दिने र बडा हाकिमसँग रहेको जति गोस्वाराका बडाहाकिमसँग रहेको भनी गोस्वारामा रहेको र इन्सपेक्टर अफिसमा र मातहत ठानामा रहेको लगत किताबमा जनाई राख्नु, राख्न लाउनु ।

[च] लेखिएबमोजिम पास गराई राखेको बन्दूक खर खजानाहरू १।१ वर्ष बिराई गोस्वारामा लगी पास बहाल गराउनु, नगराए पास जफत भै सजायसमेत हुनेछ भन्ने सबैले थाहा पाउने गरी जर्दी दी राखी सोबमोजिम पास बहाल गर्न ल्याउनेको बन्दूक खजानाहरूको पास बहाल गरी गोस्वाराको निस्सा लगाई दिनू । पास बहाल नगराई १२ महिना म्याद नघाउनेको माल जफत गरी कंरू ५ जरीवाना-समेत गर्नू ।

[छ] शिकार खेल्न लाइसेन्स पाऊँ भन्ने निवेदन आएमा वा पास भैरहेको बन्दूक पिस्तौल तमंचा खर खजाना खरिद बिक्री गर्न पाऊँ भन्ने निवेदन आएमा गृहविभागबाट दिएको सूचना एवं बमोजिम गर्ने गर्नू ।

205

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. देश देशावरतर्फ जान राहदानी अड्डाबाट राहदानी दी आएकोमा अबलाई सो राहदानी अड्डा कमिश्नर अफिसको मातहत गरी एकै ठाउँमा राखिएका हुनाले राहदानी दिने विषयमा देहायबमोजिम गर्ने गराउने गर्नू ।

(१) सदर ४ मंज्याङभित्र आउने देशी विदेशीहरूले वीरगञ्ज गोस्वाराबाट राहदानी ली आउँ गरी आएकोमा विदेशीहरू वहाँका कमीशन र मैजिष्ट्रेटहरूको निस्सा ली आउने हुँदा अबदेखि सरहद् तराईबाट आउने सरहदीयाहरूले गाउँका जिमीदारहरूको छाप दस्तखत भएको लेखोट वा गाउँ घर नजिकको सरकारी अड्डाखाना या ठानाचौकीको निस्सा या माल पोत तिर्ने गरेको रसीद या पंचायतको निस्सा ली आएमा सोही निस्सा हेरी छाडिदिनु राहदानी गराई रहनु पर्दैन ।

(२) देश विदेशमा नोकरी गरी रहेको र तीर्थ गर्न गएका अथवा काम विशेषले देश विदेश मै रहेका आफ्ना घर सदर ४ मंज्याङभित्र आउने वा सदर ४ मंज्याङको बाटो गरी ४ मंज्याङ इलाका गाउँ घरमा वा पूर्व पश्चिम पहाड जिल्लातर्फ जाने आउने पहाडियाको हकमा पनि राहदानी गराउनु पर्दैन ।

[३] माथि दफा दफामा लेखिएबमोजिम राहदानी गराउनुपर्ने र राहदानी गराई रहनुनपर्ने मानिसहरू आउँदा जाँदा साथमा ल्याएको माल मत्ताका हकमा जाँची आएको अड्डाहरूले जाँचा बुझी भइरहेका सवाल सन्ददबमोजिम गर्नुपर्छ ।

६. नागरिकताको विषयमा देहायमा लेखिएबमोजिम गर्नू गराउनू ।

290
२०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपाल नागरिकताको ऐनबमोजिम नागरिक भै बस्न पाउँ भन्नेहरुले जिल्ला गोस्वारामा दरखास्त दिइपछि, त्यस्तो दरखास्त पर्न आएमा बेहोरा साँचो हो होइन, सो दरखास्त दिने मानिस नागरिक हुन इजाजत पाउन लायक छ छैन, भैरहेको ऐन सवाल सनदबमोजिम जाँची नागरिक हुन योग्य ठहरेकालाई बडाहाकिमले रिपोर्ट लेखी राज्यव्यवस्थामा पठाई राज्य व्यवस्थाबाट सदर भई आएपछि यो मितिमा सदर भएको भन्ने समेत जनाई रजिष्टरी किताबमा दर्ता गर्नुपर्छ।

(ख) यति रीत नपुगेकोमा नागरिक ठहर्दैन, यति रीत नपुऱ्याई नागरिक किताबमा दर्ता गर्नेलाई बात लाग्छ।

७. नगर पञ्चायत, ग्रामपञ्चायत, म्यूनिसिपल्टीतर्फको काममा देहायमा लेखिएबमोजिम गर्नु गराउनुपर्छ।

[क] स्वायत्त शासनका नियमबमोजिम नगरपञ्चायतहरु खडा गर्नुपर्ने ठाउँमा खडा भएको छ छैन हेरी खडा गराउनुपर्ने ठाउँमा खडा भएको रहेनछ भने सम्बन्धित विभागमा लेखी पठाउने र नगरपञ्चायत ग्रामपञ्चायत खडा भै नसकेको गाउँ मौजाको सो पञ्चायतले ऐनबमोजिम हेर्नुपर्ने उजुर आएमा जिल्ला गोस्वाराका बडाहाकिमले हेरी किनारा लगाई दिनू।

[ख] नगर पंचायतका इलाकाभित्र नक्सा पास गरी घरहरु बनाउनुपर्ने ठाउँको जग्गाहरुको हाल आबादी गरी पाऊँ भन्ने कसैको दरखास्त पर्न आएमा बडाहाकिम र नगरपंचायतसमेत भई जाँची आबाद गर्न पाउने देखिएकोमा सम्बन्धित विभागमा जाहेर गरी पठाई निकाशा ली दिने गर्नुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ग] आफ्नै हक भोग चलनको जग्गामा भए पनि अर्काको घर आँगनमा नोक्सान हुन जाने गरी खाडल खनी नोक्सान हुन जाने र घाम छेक्ने गरी रूख बाँस लहरा इत्यादि लगाई कसैलाई नोक्सान गर्न गर्नें लगाउन र नोक्सान हुने युक्ति गर्न गराउनसमेत हुँदैन। लेखिएबमोजिम घर आँगन नोक्सान हुन जाने घाम छेक्ने भयो भने खनेको खाडल पुर्न लगाई वा रूख बांस इत्यादि लगाएको काटी छांटी उखेल्न लगाई बचाउ गरी पाऊँ भनी घरका धनीले उजूर गर्न आएमा इलाका बडाहाकिमले तुरुन्त सरजमीनमा गई दुवैथर सरजमिनका मानिसहरू समेत राखी जाँची नोक्सान भए वा हुने जस्तो देखिएमा नोक्सान हुन नपाउने गरी खनेको खाडल पुर्न लगाई वा रूख बाँस लहरा इत्यादि लगाई राखेको काट्न उखेल्न पर्ने भए काटी उखेली दिने र छाटे मात्र हुने देखिए छाट्ने गर्नुपर्छ। लेखिएबमोजिमको काम गर्न नदिनेलाई रु २०० सम्म जरिवाना बडाहाकिमका तजवीजले गरी खनेको खाडल पुर्न लगाई वा रूख, बाँस, लहरा इत्यादि काट्न छाँट्न उखेल्न लगाई दिनु, घाम छेक्न र अरु कुनै कुराको नोक्सान नपरी पर्दासम्मको लागि लगाएको रूख लहरा देखिए उखेल्न काट्न हुँदैन।

[घ] आफ्नु आफ्नु जिल्ला भित्रको दुनियाँ र सरकारबाट बनेको ट्युबेल इनार, कुवा, पोखरी, पाटी, पौवा, मन्दिर र सत्तल पुल इत्यादिको फाँट गुठी अड्डा र बनाउने अड्डासमेत अड्डा अड्डाबाट आउनेसम्म अड्डाबाट खिने र अड्डाबाट नआउने जति जाँची हेरी बुझी पत्ता लगाई सो माथि उल्लेख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएका सबैको बन्देस भएको कति नभएको कति छुटघाई किताप खडा गरी राख्न पर्छ ।

[ङ] सो माथि लेखिएको मन्दिर, पाटी, पौवाहरू समेत मल्ली बिग्री नोक्सान भएको रहेछ भने सरकारी तालुकमा रहेको भए सो सम्बन्धित अड्डाहरूलाई ताकेता गरी बनाउन लाउनू, ताकेता गर्दा पनि त्यसतर्फ ध्यान दिएनन् भने सम्बन्धित विभागमा लेखी पठाउनू ।

[च] दुनियाँतर्फको माथि उपदफा [ङ] मा लेखिएबमोजिमको रहेछ भने त्यसको बारेसलाई फिकाई बनाउन लाउनू, बनाउन नसक्ने अवस्थाको मानिस रहेछ भने सरकारतर्फबाट बनाउन या के गर्न मनासिब पर्छ, आफ्नो राय लेखी पुरा तत्वविभागमा खबर दिनानिमित्त सम्बन्धित विभागमा लखी सो कायम राख्ने गर्नु गराउनुपर्छ ।

## माल, गुठी

८. माल र गुठीतर्फको समेत निकाशा दिने कलममा देहायमा लेखिएबमोजिम गर्नु गराउनुपर्छ ।

[क] गुठीतर्फको रिपोर्टहरू काठमाडौं, भक्तपुर, ललितपुरसमेतको इलाका इलाकाको मेजिष्ट्रेटहरूमार्फत निकाशा हुने भएकोमा हालबाई गुठी बन्दोबस्तको काम बाँड फाँट नभएसम्म साविकबमोजिम गुठीबन्दोबस्तमार्फत नै जाहेर गर्ने गर्नू, बाँड फाँट भएको जनाउ दाखेल भएपछि जुन जुन इलाकाको हो, उसै उसै इलाकामा पठाउने गनुपछ ।

293

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

[ख] बजेटभित्र परेका सवाल सनदले पाउने भै खर्च गरी मिनाहा-लाई आइेर परेमा १ रिपोर्टमा नगदी रु ५०० र जिन्सीमा मोल नगदी रु. ५०० सम्म बडाहाकिमले ऐन सवालको रीत पुर्याई जाँची मिनाहाको निकाशा दिई पठाउने, सो बे-खिरबाहेक अरुमा तोकिएको तालुक अड्डामार्फत सम्बन्धित विभागमा जाहेर गर्नु ।

[ग] बडाहाकिमहरूको अख्तियारीभन्दा बढी भई बडाहाकिमले जाहेर गरेका रिपोर्टको निकाशा सम्बन्धित विभागले दिनु-पर्छ ।

[घ] लगती रकम बालीको लगत काट्नेबाहेक मनासीब कारणले जग्गाको बाली र घरको बहाल असुल हुन नसकी ऐन सवालको रीत पुगी मिनाहालाई रिपोर्ट आएमा मिनाहा गर्नु पर्ने हुन आएमा १ रिपोर्टमा रु ५०० सम्म बडाहाकिम-ले निकाशा दिने, सोभन्दा बढीको सम्बन्धित विभागमा जाहेर गरी निकाशा भएबमोजिम गर्नु ।

[ङ] बडाहाकिमले निकाशा दिएको जति महिना नाघेको ७ दिन भित्र सम्बन्धित विभागमा फाँट पठाउने गर्नु ।

[च] हाल अबादी दर्ता भइसकेकोमा सन्धी सर्पन वा दोहरा दर्ता भन्ने म्यादभित्र उजुर परी बुझ्दा पनि उजुर मनासिब ठहरी लगत काट्ने ठहरी आएको रिपोर्ट सम्बन्धित विभागले हेरी जाँची ऐन सवालको रीत पुर्याई निकाशा दिनेछन् ।

[छ] लेखिएबमोजिम बडाहाकिमले र विभाग विभागहरूले दिएको निकाशा हेरी बही बुझ्नेले पनि सोबमोजिम गरी फार फारख गरिदिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

218

[ज] मातहतका अड्डा अड्डाबाट सदाका चलान गरी पठाउनु-पर्ने स्याहा ढपोट मिसिल कागतपत्र गैन्ह म्याद म्यादमा चलान भरे नभरेको बुझी म्याद म्यादमा चलान गर्न लाउनू। बुझदा म्यादमा चलान नगरी राखेको देखियो भने तोकेता जरिवाना गरी चलान गर्न लाउनू।

[झ] मातहतमा मालले सवालबमोजिम असुल तहसिल गर्नु-पर्ने मालपोत रकम असूल गरे नगरेको बराबर जांची बुझी असूल तहसील नगरी बांकी राखेमा तर ताकिती जो गर्नुपर्ने गरी असूल बेबाक गराउन नसकी सरकारको बांकी विग्रन गयो भने गोस्वाराका कर्मचारीहरूलाई वार्षिक कामको फांटवारी जाहेर हुँदा सरकारबाट ठहराए बमोजिम हुनेछ।

[ञ] जिम्मिदारी बन्दोबस्त गर्दा देहायमा लेखिए बमोजिम गर्नु गराउनू।

[*] जिम्मिदारी बन्दोवस्त गर्दा मालका सवालबमोजिम बढाबढमा बाँकी बेबाक जति जनाउ गरी बढेकोमा फाराम मालमा दाखिल भएका ३ दिनभित्र जो चाहिने बेहोराको रिपोर्ट ली जिम्मिदार पटवारी लाग्गी समेत गरी मालपोतको लगत रू. १५००० पन्द्रहजार सम्म गोस्वाराका हाकिमले बहाली दिने निकासा दिनू। १५००० देखि बढीको भए सम्बन्धित विभाग-मार्फत निक.सा. मैं आएबमोजिम गर्नू गर्न लाउनू।

[ख] अदलको २१ नंबर १ मालको सवालमा लेखिए-बाहेक अरू विदेशीलाई जिम्मिदारी बन्दोबस्त गरेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ठहरे, मालको हाकिमलाई रु ५०० जरिवाना हुने हुनाले गोरखपत्रका बडाहाकिमलाई रु. १००० एक हजार जरिवाना हुनेछ।

[ढ] जिम्दार पटवारी दाखिल खारेजको दर्खास्त उजुरी पर्न आएको जम्मा थति, त्यसमध्ये तामेली थति, बांकी यो कारणले रहेको थति भन्ने खोली अब म्स्केवारीजिम्मे म्यादभित्र लिई जाँची बुझी टुङ्गया तामेल नगरी बांकी राखेको देखिएमा बडहाकिमका तजवीजले फिमिलिलहरुको रू ५ देखी ५० सम्म जरिवाना गरी तामेल गर्नु, गर्न लाउनु।

[ठ] लगातार ३ बर्षसम्म पोत मिनाहा भै आएको प्रति बेउपर उज्रात मौजाहरु बडहाकिमले सरजमीन जाँची बुझी प्रति कारणले अवाद हुन नसकेको रहेछ, अब के बन्दोबस्त गरिदिए अवाद हुन सक्छ, बँध पैनको समेत जो गर्नुपर्ने बन्दोबस्त गरी अवाद गराउनु साविक पोतमा घटि बन्दोबस्त हुन आएमा र बाँध पैनको बन्दोबस्त गर्नुपरेमा मोटामोटी लागत इष्टमेटसमेत गरी सम्बन्धीत विभागमा जाहेर गरी निकाशा भएबमोजिम गर्नु गर्न लाउनु।

[ड] मातहत अड्डा माल कस्थान पुलीस ठानासमेतबाट लगत असूली बाँकीको मास्केवारी विदेशी डाँकबाट चलान गरी पठाउनु।

६. अस्पतालतर्फको काममा देहायमा लेखिएबमोजिम गर्नु गराउनु।

[क] इलाकाको अस्पताल र औषधालयहरूले आउने डोर इनडोरका रोगीहरूलाई सुविधा पुर्याई औषधी गरेका छ छैन, बराबर रेखदेख पुर्याउँदै रही गर्नुपर्ने कामको त्रुटी देखिएमा रे इलाका गाउँ बस्तीमा नयाँ डिस्पन्सरी खोल्नुपर्ने अत्या

29E

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वश्यक देखिन आएमा कारवाइसमेत खोलि सम्बन्धित विभागमा पठाउने गर्नु ।

[ख] हैजा विफर जस्ता संक्रामक रोग र बहुला कुकुरले टोकेकोमा प्रयोग गर्नुपर्ने औषधी अस्पताल र औषधालयमा पुरा स्टक राखन लगाउनुपर्ने हुनाले मौका रीतअनुसार रहे नरहेको विचार गरी नराहेको देखिए र सो औषधीबमरे हर्जा हुने भएमा औषधी किकाई स्टक राख्न अध्येश गोस्वारालाई सवाल गो दफा दफाल ठेकिएको खारेज गरी देहायबमोजिम कं. रु. १२००० बाह्र हजार ठेकिएको छ । सो रुपैयाँमा नबढाई चाहिने रुपैयाँ नजिक बाबबाट बडाहाकिमहरूले दस्तखत गरी पठाई रुपैयाँ दिलाई औषधी किकाई बेरामीलाई खुवाउन लाउनुपर्छ ।

| | | | |
|---|---|---|---|
| कैलाली कञ्चनपुर गोस्वाराके | ५०० | दाङके — | —५०० |
| बिराटनगरके— — — | १५०० | झापाके — | ५०० |
| सप्तरी गोस्वाराके —— | १५०० | वीरगंज गोस्वा- | |
| महोत्तरी गोस्वाराके —— | १५०० | राके —— | १५०० |
| सिनो गोस्वाराके —— | १५०० | पा.मा.गो. के | १५०० |
| | | था ब.गी. के– | १५०० |

[ग] माथि लेखिएबमोजिम सहर गाँउ गाउँमा मानिस र पशु सम्बन्धी संक्रामक रोगहरू फैलिएमा डाक्टर कम्पाउण्डर र औषधीहरू पठाई बन्दोबस्त गर्नुपर्ने देखिएमा बडाहाकिमहरूले आफ्ना इलाकाका अस्पताल औषधालयमा रहेका औषधी दिई डाक्टर कम्पाउण्डर र प्राइभेट डिस्पेन्सरी [illegible] बन्दोबस्त

आधिकारिक मुद्रण विभागबाट प्रमाणित [illegible] छ।
296

मिलाउन लाउनुपर्छ। प्राइभेट डिस्पेन्सरी राख्नेहरूले पनि बडाहाकिमले खटाएका गै काम गर्नुपर्छ।

१०. बजारतर्फको काममा देहायबमोजिम गर्न गराउने गर्नु।

[क] बजारका कर्मचारीहरूले बेहिसाब गरे भन्ने उजुर पर्न आएमा इलाका बडाहाकिमले बुझी ऐन सवालबमोजिम किनारा लगाउनु।

[ख] बजार छोटी बजारसमेतबाट सवालबमोजिम काम काज गरेका छन् छैनन् गोस्वाराले सालको एक पटक जाँच गर्नुपर्छ, उजुर परेमा र शंका लागेका जुनसुकै बखत पनि गोस्वाराले जाँच गर्न सक्नेछन्।

११. पाकशालातर्फको काममा देहायबमोजिम गर्नु गराउनुपर्छ।

[क] काम गरी खान नसक्ने बेवारीसी नाबालक लूला लंगडा बूढा बूढीहरूमध्ये खान नपाई दुःख पाएकालाई २ छाक भात पकाई खुवाउने गरी राखेको र यस्तै सिधा दिनेसमेत सरकारी गुठी के कति रहेछ, इलाका इलाकाको बडाहाकिमहरूले गुठी बन्दोबस्तसमेत जहाँ जहाँ लेख्नुपर्छ, लेखी लगत लिने गर्नु।

[ख] लेखिएबमोजिम लगत लिएपछि सो गुठीका नाउँमा भएका सवाल सनद् तामापत्रबमोजिमका जवाफ ठिक छन् छैनन्; जाँची मिलाएकोमा यो मितिको यो कागजमा मिलाउँदा लगत दुरुस्त भएको भनी गोस्वाराले पनि जनाई राख्ने गर्नु।

[ग] सो पाकशालाहरूमा काम गरी खान नसक्ने बेवारिसी नाबालक लूला लंगडा बूढा बूढीहरू मात्र भर्ना गरेको छन् कि काम गरी खान सक्ने पनि भर्ना राखी खुवाउने गरेको समेत

२९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

के रहेछ, गोस्वाराले बराबर जाँची हकवाला भएका नाबालख र काम गरी खान सक्नेलाई पनि भर्ना गरी खुवाई आएको देखिएमा त्यस्तालाई हटाई सवालले भर्ना गर्न हुने मानिस भर्ना गर्नु।

[घ] पाकशालामा भर्ना रहेका नाबालकहरूलाई पढाउने र बिरामी परेमा शास्त्रीसँग औषधी इलाज गर्ने गराउने गरेको समेत छ छैन, जाँची सो काम भएको नदेखिए लेखिएको कारबाई खर्च ठेकिएको छ छैन भए ठेकिएको खर्चले पुग्नेमा पनि नभराएको देखिए ऐन सवालबमोजिम जरिवानासमेत जो गर्नु पर्छ गरी सो भर्ना रहेका नाबालखसमेतलाई सुविधा पुर्‍याईदिनु पर्छ।

(ङ, सो पाकशालामा र हरिहरसिधा खानेमा भर्ना भएका मानिस मरी वा कुनै कारणले खाली भई भर्ना गर्नुपर्ने हुन आएमा बडाहाकिमका स्वीकृतिले भर्ना गर्नु पर्छ।

(च) काम गरी खान नसक्ने बेवारिसी नाबालख लुला लङ्गडा बुढा बुढीहरू खान नपाई दुःख पाएकालाई भात पकाई र छाक भात खुवाई पाल्ने पाकशाला रहेका जिल्लामा भात खुवाउन पाकशालामा भर्ना गर्नुपर्ने किसिमका र हरिहरसिधा दिनेमा जति जनालाई जे दिनु भन्ने मालबाई दर बन्दी निकाशा भैहेको छ; उति जनासम्मलाई बडाहाकिमले जाँची भर्ना गर्न हुने ठहरेकालाई पुर्‍याई गरी माल खाली भर्ना राखी भात पकाई खुवाउन लाउने र हरिहरसिधा खुवाउन लाउने गर्नू।

(छ) बेवारिसी मानिस मरेमा दाउराको मोल र ज्याला समेतको रु १२ अमानी तहसीलबाट खर्च लेखाई नलाउने बेहोराको २००७।६।५।५ का खड्गनिशाना सदर भएबमोजिम पुलीस

295

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इन्सपेक्टरलाई सनद आडर मैंरहेको देखिनाले त्यस्तो परेमा सोही सनद आडरेबमोजिम पुलीसद्वारा गर्न लगाउनु ।

१२ शिक्षा — पञ्चायतफर्को काममा बडाहाकिमहरू दौडाहा गर्न जाँदा इलाकाका गाउँ बस्तीमा विद्याप्रचारको निमित्त स्कूल खोलिपाऊँ भन्ने रैतीको आवेदन आयो वा त्यस्तो आफूले देखिगे भने के कस्तो स्कूल खोलिदिनुपर्छ, ठहराई सम्बन्धित विभागमा लेखी पठाउने गर्नु ।

१३. निर्वाचनतर्फको काममा निर्वाचन कमिशनबाट निर्वाचनसम्बन्धी केही काम गरिदिनु भन्ने लेखिआएमा सो काम विधान ऐनसवालबमोजिम गरिदिनुपर्छ ।

१४ जेलतर्फको काममा जेलमा कैदी थुनुवाहरू ऐन सवालबमोजिम थुनुवा-पुर्जि दी राखेकाछन् छैनन्, ठेकिएबमोजिमको खर्च टायम टायममा दिए नदिएको र सफा सुघर राख्ने गरे नगरेको र बिरामि परेको कैदी थुनुवा-हरूलाई राम्रो इलाज गराउनेसमेत गरेको छ छैन, जिल्ला गोस्वाराले बराबर जाँची बेरीत बेकायदासमेत देखिएमा र जेल भत्के बिग्रेको समेत जाँची ठहराई गृहविभागमा रिपोट गर्नुपर्छ ।

१५. विकासतर्फको काममा देहायमा लेखिएबमोजिम गर्नु गराउनु ।

(क) सरकारतर्फबाट दुनियाँको निमित्त ट्यूबवेल धारा जडान भएका जिल्ला इलाकामा सो जडान भै रहेका ट्यूबवेल धाराले टायम टायममा पानी सप्लाई गरेको छ छैन, इलाकाको पुलीस ठाना चौकीले रेखदेख पुऱ्याउदै रहीटाएम टाएममा पानी सप्लाई नगरी दुनियाँलाई पानीबेगर दुःख तकलिफ हुन पर्न गएमा तालुक इन्सपेक्टर आफिसमार्फत तुरुन्त गोस्वारामा रिपोटगर्नुपर्छ ।

[ख] सो रिपोर्ट आएमा गोस्वाराले पनि सो ट्यूबवेल धारा चालु राख्ने काम सो अड्डाका कर्मचारी जो छ, तुरुन्त शिकाईबुझी पानीको हर्जा नहुने गरी ट्यूबवेलधारा चालु गराउनु पर्छ ।

220

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ग] ट्यूववेल धारा जडान भइरहेका जिल्ला इलाकामा सो ट्यूव वेल धारा कुनै कि समयमा बिग्री मरमत गराउनुपर्ने हुन आएमा मरमत गर्ने फण्ड ठेकिएको भए सोहि फण्डबाट र फण्ड नठेकिएको हकमा गोस्वाराले ठाउँ ठाउँ पानीको अभाव नहुने गरी इनार र बनाउन ठेकिएका अख्तियारवाटै सवाल सनदको रीत पुऱ्याई मरमत गराई ट्यूववेल धारा चलु गराउनुपर्छ ।

[घ] जिल्ला इलाकाको जङ्गल खानी जडी बूटी तथ्याङ्कसंकलन बजार सहर बसाउने ठाउँसमेत कहाँ के कस्तो छ इलाका इलाकाको बडाहाकिमले रेख देख गर्दै रही सो कुरामा बन्दोवस्त हुनुपर्ने देखिएमा तालुक अड्डामार्फत माहेर गर्नुपर्छ, तालुक अड्डाले पनि जांची बुझी जो चाहिने निकाशा तुरन्त पठाई दी उन्नति गराउने बन्दोवस्त मिलाउनु पर्छ ।

[ङ] कुन कुन जिल्लामा के नाउँ गरेको कति नदि नाला छन्, सो नदी नालामा कुन ठाउँमा के कति खर्च लगाई कस्तो बाँध पैन बनाएमा के कति जग्गा पटनी हुन आउँछ बर्षादमा नदीका पानीको बेगसमेत जाँचन पाउने ठाउँमा सम्बन्धित नहर विभागले सदरबाटै इन्जीनियरहरू खटाई पठाई वा जिल्लामा रहेका इन्जीनियर ओभरसियरलाई अह्राई भए पनि जिल्लामा भएका प्रत्येक नदी नाला जाँच गराई एको बाँध पैन बनाए दुनियाँलाई फाइदा हुने देखिएको नदीमा बाँध पैन बांध्न लाग्ने खर्चसमेत खुलाई लगत इष्टमेट गराई १ प्रति जिल्ला गोस्वाराका बडाहाकिमसंग र १ प्रति नहर विभागमा राख्नुपर्छ ।

[च] लेखिएबमोजिम इन्जीनियर ओभरसियरले जाँचिएका नदी

229

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नालामध्ये पक्की बाँध बाँधे धेरै जग्गा पटनी हुने देखिएको नदी नालामा पक्की बाँध पैन बनाई पाऊँ बाँध पैन बनाउने काम शुरू भएकै साल देखि लाग्ने खर्च बिघट्टीको यो यतिका दरले तिर्छौं भन्ने रैती दुनियाँको निवेदन पर्न आएमा उठ्ती पोतको सयकडा २ का दरले सनदबमोजिम छुट्याई राखेका रुपैयाँमध्ये मालमा के कति मौज्दात छ, सो बाँध पैनबाट पटनी हुने मौजाबाट काम सुरु भएदेखि के कतिका दरले वसूल हुने रहेछ, मौज्दात रहेका फायदले र रैती जिमीदारले बिगहट्टी तिर्छु भनेका ५ सालको उठ्ती हुने अंक जम्माले इन्जिनियर ओभरसियरले लाग्ने भनेको बाँध पैन बनाउन पुग्ने भएकोमा जम्मा कं रु २०००० बीसहजारले पुग्ने रहेछ भने सो बाँध पैनले पट्ने मौजाका जिमीदार रैतीको १ कमिटी राखी बिगहट्टी नउठुन्जेल कमिटीको जेठा चाहिने बूकलियत गराई काम शुरू गर्नालाई कमिटीले पठाएको प्रतिनिधीहरूले बडाहाकिमका तजवीजले रू. ५००० पाँच हजारको थकले हस्तेवारी खर्च लेखाई इन्जीनियर ओभरसियरसमेत खडाई कमिटीले चुनेका मानिसहरूबाट बाँध पैन बनाउने काम शुरु गराई रैती जिमीदारले तिर्छु भनेका बिगहट्टी पोत पनि सोही कमिटीबाट असूल गराउँदै र मालमा जम्मा भएका फायदबाट समेत बाँध पैन तयार गराउनुपर्छ। २०००० बीसहजार भन्दा बढी लाग्ने भएमा वा माथि लेखिएबमोजिम फायद उठ्तीले नपुग्ने भए समेत इष्टमेट गरी पि.डब्ल्यू.डी. मार्फत जाहेर गरी निकाशा भएबमोजिम गर्नु।

[छ] लेखिएबमोजिम बाँध पैन बनाउने काम शुरू भएपछि सो बनाउन शुरू भएको बाँध पैन अघि भैरहेका नक्सा इष्टमेट-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम पक्का मजबूतसाथ बन्न लागेको छ छैन, खटिएका इन्जीनियर ओभरसियरले सो काममा पूरा ध्यान दिएको छ छैन, बराहाकिमले बराबर चेक गर्दै रहनुपर्छ।

(ज) बाँध पैन बनी तयार भएपछि मालबाट कमिटीले जिम्मा लिएको फराद र रैतीसँग असूल भएको बिगहट्टी रुपैयाँ समेत जम्मा के कतिमध्ये खर्च कति लागेको रहेछ, काम तामेल भएका ३५ दिनभित्र कमिटीले ऐन सवालको रीत पुऱ्याई ठाडो मालमार्फत जिल्ला गोश्वारामा दिनुपर्छ।

(झ) सो मालमार्फत दाखिल भएपछि बनेको बाँध पैन जाँच पास गर्न जिल्ला गोश्वाराले सम्बन्धित नहरविभागमा लेखी पठाई सम्बन्धित नहरविभागले पनि ३५ दिनभित्र जाँची पास निस्सा दिनु दिलाउनुपर्छ। नहरविभागमार्फत भएको जाँच पासको निस्सा सामेल राखी खर्च मिनाहाका लागि एकाउन्टेन्ट जनरल आफिसमा पठाउनु, पठाउन लाउनुपर्छ।

(ञ) त्यस्तो रिपोर्ट आएमा आकाउन्टेन्ट जनरलले जाँची बुझी ठहरेको खर्च मिनाहा दिनुपर्छ।

(ट) माथि (च) उपदफामा लेखिएबमोजिम जिल्लामा जम्मा भएका फराद र काम शुरु भएपछि उठ्ने ५ वर्षको बिगहट्टी समेत नपुग्ने भई थप चाहिने हुन आएमा पनि के कति नपुग हुन आउँछ, सम्बन्धित विभागमा गोश्वाराले तुरुन्त जाहेर गरी निकासा लिदिनुपर्छ।

(ठ सम्बन्धित विभागले पनि त्यस्तो रिपोर्ट आएमा बाँध पैन बनाउन काम शुरु गर्न ढिला नहुने गरी तुरुन्त निकासा दीपठा·



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उठ्नुपर्दछ, टायममा निकाशा नदिई हर्जा खतरा पर्न गएमा सम्बन्धित विभाग जवाफदेही हुनुपर्छ।

(छ) बाँध पैन बनाउने बखत इष्टिमेटमा लेखिएको माल सामानको मोल थप बढ हुन गएमा सो कामका खटिएका ओभरसियरले गोश्वारामा रिपोर्ट गर्नुपर्छ।

(ढ) सो रिपोर्ट परेमा गोश्वाराले बुझी इन्जीनियर ओभरसियरले लेखिएको दर रेट मनासिब ठहरे सोही रेट र मनासिब नदेखिएमा ठहर हुन आएको रेट तोकिदिनुपर्छ।

(ण) लेखिएबमोजिम रेट तोकिएबाट अघि भैरहेका बखत इष्टिमेटभन्दा खर्चमा बढी पर्न आउने भए पनि जम्मा भइरहेका फण्ड र बिघट्टी उठ्ने पोतबाट पुग्ने रहेछ भने जतिसुकै बढी पर्न आउने भए पनि गोश्वाराले सदरमा जाहेर गरी निकाशा लिनुपर्दैन। पब्लिक तर्फको बजेटबाट थप दिनुपर्छ। तालुकवाला जाँच बुझ गर्ने एकाउन्टेन्ट जनरलले पनि गोश्वाराले सो दिएको रेट कायम राखी मिनाहा मोजरा दिनै गर्नुपर्छ। जम्मा भैरहेको फण्ड र उठ्ने ५ वर्षको बिघट्टीबाट नपुग भई सो नभै काममै अड्काउ हुने भएमा पब्लिक वर्क्स संचारविभागमा जाहेर गरी निकाशा लिनुपर्छ।

(त) माथि दफा दफामा लेखिएबमोजिम काम सुरू भएकै सालदेखि बिघट्टि पोत तिर्छु भनी रैती जिमीदारको निवेदन आने पर्न नआएको तर जिल्लाको परिस्थिति हेर्दा पक्की बाँध पैन बनाई नद नहुने जिल्ला गोश्वाराले ठहराएका ठाउँमा बाँध पैन बनाउनु पर्ने हुन आएमा पनि जिल्ला गोश्वाराले

228

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रैती जिमीदारहरूलाई प्रोत्साहन दी सोबमोजिम काम गर्ने गराउनेतर्फ पूरा ध्यान दिनू र आजअघि त्यस्तो निवेदन परी रहेको भए पनि त्यसै ठाउँमा काम गर्ने गराउने गर्नुपर्छ ।

(थ) दफा दफामा लेखिएबमोजिम प्रोत्साहन दिंदा पनि काम शुरू भएका सालैदेखि बिगहट्टी पोत तिर्दैनौं, पानी पटनी भएका सालदेखि मात्र पोत तिर्छु बुझाउँछु भन्ने अड्चन देखाई काम शुरू गर्न बाधा पर्न आयो भने बनाउन पर्ने जिल्लाको बाँध पैन बनाउन छुट्याई रहेको फण्डबाट बाँध पैन बनाउन पुग्ने रहेछ भने यस विषयमा अघि भैरहेका सवाल सनदबमोजिम गोश्वाराले बनाउने काम शुरू गर्नु गराउनुपर्छ । जम्मा रहेको फण्डले नपुग भए के कति नपुग हुन आउँछ थप निकाशाका लागि सम्बन्धित विभागमार्फत जाहेर गरी निकाशा आएपछि अघि भैरहेको सवाल सनदबमोजिम बनाई दिने गर्नुपर्छ ।

६) आफ्ना इलाकाभित्रको बिजुली टेलिफोन आकाशवाणीहरू ठिकसँग काम चालु भए नभएको र तहवीलसमेत ठिक दुरुस्त छ छैन बराबर चेक गर्दै रही बिजुली टेलिफोन आकाशवाणी दुरुस्त नरहेको देखिए सो काम गर्ने कर्मचारीलाई तरतापिता गरी तुरुन्त चालु गराउने र जिल्लाका कर्मचारीबाट नबनिने केन्द्रबाट मानिस खटाई पठाई बनाउनुपर्ने र खर्चको निकाशालाई केन्द्रमा जाहेर गर्नुपर्नेसमेत हुन आएमा पनि जो चाहिने रपोट ती बडाहाकिमले केन्द्रको सम्बन्धित विभागमा तुरुन्त जाहेर गरी निकाशा ली काम चालु राख्ने राख्न लाउने गर्नुपर्छ । जिल्ला बडाहाकिमको त्यस्तो जाहेरी आएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केन्द्रको सम्बन्धित विभागलै पनि जो चाहिने तुरुन्त निकाशा दिनुपर्छ। सोबमोजिम नगरी केन्द्रको सम्बन्धित विभागले वा जिल्लाको बडाहाकिमले वास्ता नराखेबाट बिजुली टेलिफोन आकाशवाणी समेतको खतरा पर्ने भय भने सुस्ती गर्नेले जवाफदेही हुनुपर्नेछ।

(घ) आफ्ना इलाकाभित्र रहेका टेलिफोन आकाशवाणी ओभरसियर र लाइनमेन पियूनसमेतले ध्यान दी टायम टायममा हाजिर भई रही काम दिने गरेको छ कि काममा लापरवाही गरेको समेत के छ बडाहाकिमले चेक गर्दै रही काममा ध्यान नदिने कर्मचारी देखिएमा नसिहद दी काममा लगाउनुपर्छ, दिएका नसिहदको पनि वास्ता नगरी काममा लापरवाही र दुरुस्त नरहनेका हक I बदली गर्नुसमेत के गर्नुपर्छ, जिल्ला बडाहाकिमले सम्बन्धित विभागमा जाहेर गर्नुपर्छ। सम्बन्धित विभागले पनि त्यस्सो जाहेरीको तुरुन्त निकासा पठाई ठेकिएको कर्मचारीहरूबाट टायम टायममा काम गराउनुपर्छ।

(ङ) जिल्लामा जडान भइरहेका बिजुलीको र टेलिफोनको तारहरू रेखदेख गर्न खटिएका कर्मचारीबाट बडाहाकिमले पुरा रेखदेख पुऱ्याउन लगाई चोरी हान नपाउने गराउन सक्नुपर्छ। खटा खटिएका कर्मचारीले रेखदेख पुऱ्याउन नभ्याउने भई थप मद्दत चाहिए पनि कारण पेहोरा खोली मद्दत थप ली वा गाउँ इलाकाको जिमीन्दार रैतीका रेखदेखमा राखन लगाई चोरीको बचाउ गर्न सक्नुपर्छ। लेखिएको बन्दोबस्त मिलाई तार चोरीको बचाउ गर्न नसक्ने बडाहाकिम जवाफदेही हुनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(प आफ्ना इलाकाका गाउँ मौजाहरूमा इनार, कुवा, धारा, ट्यूबवेल पोखरीसमेत जलाशय के कति छ, त्यसमध्ये कसैले प्राइभेट निजी खर्ची आएको बाहेक सार्वजनिकका निमित्तको जम्मा के कति छ सो कुन हालतमा छ, त्यसको यथार्थ लगत मौजा मौजाका जमीन्दार बिर्तावार तालुकदार पटवारी समेत-बाट भराउन लगाई १ । १ प्रति जिमीन्दार जिमिन्दारको जिमीन्दार जिमीन्दारसँग राख्न लगाई १।१ प्रति गोश्वारामा राखी १।१ प्रति संबन्धित विभागमा पठाउन् । सो लगत बाट साल बसाल मरमत गर्नुपर्ने हुन आएमा जुन जुन मौजाको सोही मौजाबाट् अरु कसैले खुसीले दिए सोसमेतबाट चन्दा सो गाउँके मानिसको कमेटी खडा गराई सो कमिटीका रेख देख र हुन सके गाउँके मद्दतबाट राम्रोसँग मरमत गरी गराई तयार गराई राख्नु। सो गर्न सरकारी कर्मचारी ओभरसियर इन्जिनियरसमेतको मद्दत चाहिएमा सो मद्दतसमेत दिनु ।

(फ)बनाउने वारेको मुलुकी सवालको २ दफाबमोजिम-को अख्तियारीले मरमत गरी मिनाहालाई आएको रिपोर्ट निकाशा दिंदा बडाहाकिमले बुझी निकाशा दिने र साक्षी राखी बनाउने बनी तयार भएपछि बडाहाकिमले खटाई पठाएको पत्वारका मानिसले जाँची जाँच पास गर्ने गरी मिनाहा हुने हुनाले फाँट ६।६ महिनामा पब्लिक वर्कस् पवेस पाहाड रिपोर्ट निकासीमार्फत जाहेर गर्नु।

[ब] सरकारिया घर इत्यादि बनाउने काम कौनै तरहबाट तयार नभै सरकारको र दुनियाँको नोक्सान पर्न गएको र ढल्यो भन्ने ऐन सवालबमोजिम सजाय हुनेछ । सो काम ठेकिएको

226

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महतबाट नपुगी रिपोर्ट गरेमा जाँची जुन जुन अड्डाबाट दि-
लाउनुपर्छ, दिलाई काम तामेल गराउनू।

(भ यस विषयमा निकाशा लिनुपर्ने कुराको रिपोर्ट जाहेरीहरू पठाउँदा पब्लिक वर्क्स मधेश पहाड रिपोर्ट निकसारीमार्फत सम्बंधित विभागमा जाहेर गरी निकाशा लिनू।

(म) दुनियाँका हिड्ने नाका रेको बाटो पुल भत्के बिग्रेको वा नया नबनाई नहुने देखिएमा सो बनाउनलाई अन्दाजी खर्च यतिमा यतिसम्म हामी जनताले जमाउँछौ, नपुग सरकारबाट थप गरी बनाई पाउँ भन्ने अथवा जो जति खर्च लाग्छ सरकारबाटै खर्च लगाई बनाई पाऊँ भन्ने निवेदन आयो वा बडाहाकिम दौडाहा गर्न जाँदा देखियो भने सो काम गराउनलाई बडाहाकिमले साल १ को देहायबमोजिम खर्च गर्न पाउने फरद रहेको छ, चाहिएका बखतमा मालबाट बडाहाकिमका पुर्जीले खर्च लेखिदीनू।

बिरगञ्ज गोस्वाराके १५००० महुत्तरी सर्लाही गो.के. १५०००
सप्तरी गोस्वाराके १५००० बिराटनगर गो.-के १५०००
झापा गोस्वाराके १५००० बाँके बर्दिया गो.के १५०००
स्युराज नौलिहवा गो. पाल्ही माझ खण्ड गो.
के— — — १५००० के — — —१५०००
कैलाली कञ्चनपुर गो. दाङ देउखुरी गो के १५०००
के— — —१५०००

(य) दफा (म) दफामा लेखिएबमोजिम बनाई पाऊँ भन्ने कसैको निवेदन आएमा जुन जिल्लाको हो, सो जिल्लाको बडाहाकिमले मातहतका अड्डाबाट वा आफ्नै अड्डाबाट जाँच

—२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बुझ गरी भराई ठेक्किएको फएकको रुपैयाँमध्येबाट ऐन सवालको रित पुऱ्याई बडाहाकिमका तजवीजले उसबाट काम गराउनुपर्छ, दिलाई काम गर्न लगाउँनु ।

(र) माथि दफा दफामा लेखिएबमोजिम बाटो पुल बनाउने काम बडाहाकिमले पत्याएका माथवर मानिस जिम्मा दिई बनाउन लगाए पनि हुन्छ ।

(ल) लेखिएबमोजिम बनाउने निकाशा भएकामा बने नबनेको र बनाउँदा खर्चमा घटी गर्ने गरेको पनि छ कि भनी बराबर बडाहाकिमले चेल गराउँदै रहनुपर्छ ।

[व] बनी तयार भएपछि सो कामको स्रेस्ता कुमारीचोकमा बुझाई रहनुपर्दैन । बनाउने मानिससँग ठाडो वासील बाँकी खडा गराई ली बडाहाकिमले जाँची बुझी मनासीब ठहरेको मिनाहालाई एकाउन्टेन्ट जनरल आफिसमा पठाई मिनाहा भै आएपछि सालभरमा खर्च भएको फाँटवारी सम्बन्धित विभागमा पठाउनु पर्छ ।

(श) खाने पानी को अभाव भयो भन्ने दुनियाँको निवेदन आएमा सर्जमीन जाँची जचाई हेरी अन्यत्रबाट कुलो ल्याउन हुने वा ट्यूबवेल इनार पोखरी बनाइदिने या मरमत गरिदिनुपर्ने समेत के हुन आउँछ, पानीको अभाव मेटाउनलाई कति खर्च लाग्ने रहेछ, अन्दाज गरी लाग्ने खर्चमध्ये दुनियाँले पनि मद्दत गर्दछु भनेमा सो मद्दतसमेतबाट र दुनियाँले मद्दत दिन नसकी खाने पानीको बर बन्दोबस्त गरिदिनुपर्ने अत्यावश्यक देखिएमा सरकारतर्फबाट खर्च लगाई कुलो खनी पानी ल्याउनुपर्ने कुलो र ट्यूबवेल इनार पोखरी बनाइदिनु-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्नेमा सो गर्नालाई बडाहाकिमका तजबीजले खर्च गर्न पाउने गरी फि गोस्वाराके रु. ५००० का दरले ठेकिएको छ, माथि बाटो पुल बनाउने दफामा लेखिएबमोजिम बनाउनू र मिनाहा गर्नुपर्नेसमेत गराई सालभरमा खर्च भएको फाँट सम्बन्धित विभागमा पठाउनु।

(ष) ठाउँ ठाउँको पुल नयाँ बनाउने भत्के बिग्रेको मरमत गर्नालाई लकडी पाऊँ भनी बडाहाकिमछेउ बिन्तिपत्र दिएमा जाँची बुझी बनाउनु मरमत गर्नुपर्ने देखिन आए के कस्तो जात नापको के कति थान लकडी चाहिन्छ, ठहराई सालभरमा लकडी फुट २००० दुइ हजारसम्म बडाहाकिमले नजिक जंगलबाट ल्याउन पाउने गरी सो जिल्लाको सर्कललाई पुर्जी गरिदिनु सर्कलले पनि सो पुर्जीबमोजिमको लकडी ल्यान पाउने बन्दोबस्त मिलाई दिनुपर्छ। लेखिएभन्दा बढी लकडी चाहिने भएमा भने सम्बन्धित विभागमा जाहेर गरी निकासा भएबमोजिम गर्नू।

१९. मध्येस गाउँ मौजा बजारहरूमा समेत वस्ता थुन्ने र ठूला ठालूहरूले गाई गोरु भैंसी घोडा खसी बाख्रासमेतका चौपायाहरू हिँडदमा अनेरा भनी छाडा छाड्ने र बाली खाग्ने रायत वर्षादमा पछवालआए पनि बाली चराउने चलन भइरहेको हुनाले हिँडदे बालिसमेत लगाउन नपाउने भैरहेको र नेपाल ४ चारभंज्याङभित्रमा छाडा छोडी बस्तुले बाली खुवाएमा जाँची बुझी नोकसान परेको देखिए चौपाया लिलाम गर्ने सवाल भएकोले मध्येसतर्फको हकमा पनि देहायका दफामा देहायमा लेखिएबमोजिम गर्छु गराउनुपर्छ, देहायमा लेखिएदेखि बाहेक अरु कलमको हकमा अघि भैरहेका सवाल बदस्तुरबमोजिम गर्नू।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मेरो यो यति विगोको बाली चराइदियो भनी बालीधनी-ले दरखास्तसाथ पुलीस ठाना चौकीमा दाखिल गर्न ल्याएका चौपायाहरूमा १० दिनभित्र माल धनीले चौपाया छोडाइपाऊँ भनी चरुवाई खर्च बुझाई बाली धनीले एकेको बाली विगो ठरोड राखी दरखास्त दिएमा चौपाया तुरुन्त जिम्मा लगाइदी ऐनबमोजिम चाँडो बुझी ठहरेका नोकसानीवालीको विगो सोही बाँट रहेकोबाट बाली-धनीलाई दसौंद ली असादी सो दसौंद काजीहाउसको कारोबार जनाई अघि भैहेका सवाल सनदबमोजिम महिना भुक्तान हुनासाथ इन्सपेक्टर आफिसमार्फत गोस्वारा-मा सो फाराम दाखिल गराई लिने गर्नुपर्छ ।

(ख) लेखिएको म्यादभित्र लिन आएन भने कति बाली खाएका रहेछ, सरजमीन बुझी ठाना चौकीले सरजमीन बुझेका कागज र सो चौपायासमेत काजीहाउसमा रहँदाको खर्च-को सक्कल कागज र चौपाया इलाका इन्सपेक्टर आफिसमा ३ दिनभित्र दाखिल गर्नुपर्छ ।

(ग) लेखिएबमोजिम दाखिल हुनआएमा इलाकाको इन्सपेक्टरले पनि भोलिपल्टै माई गेठ कैसी जेभए पनि लीलाम गरी आएको रुपैयाँबाट सो चौपायालाई खुवाउँदा लागेको खर्च चरुवाही खर्च कट्टा गरी बाँकी बालीको विगो दसौंद ली बाली धनीलाई बुझाइदिनु ।

(घ) लीलाम हुँदा उपर भएको विगोले चरुवाई खर्च चौपायालाई खुवाएको खर्च र बालीको विगो न्युन हुन आयो भने सो विगो चौपायाका धनीबाट भराई दिनुपर्छ ।

239

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) लीलामबाट बिगोभन्दा बढी रुपैयाँ आयो भने सो आएको रुपैयाँ जम्मा गरी पशुचिकित्सालय खोल्ना निमित्त मालमा जम्मा गरी राखी सोही काममा लगाउने गर्नु ।

(च) उपदफा (ग) बमोजिम चौपाया लीलाम गर्नुपर्दा नगिचमा गोस्वारा भए गोस्वाराका हाकिमका सामुन्नेमा र गोस्वारा टाढा पर्ने ठाउँमा नजिक अड्डा साक्षी राखी बढाबढ गराउनुपर्छ ।

(छ) माई गोरुलगायत चौपाया लिलाम बढाबढमा कसैले सकार गरेन र सरकारी खर्च बुझाउनु सो चौपाया धनी ठिकाजतसँग पाल्नु भन्न कोही आए सावेहाराको कागज गराई खर्च बुझी लो पाल्न दिनु सो बमोजिम पनि कसैले पाल्न कबुल नगरेका चौपायाको हकमा गौशालामा राखी पाल्नुपर्छ ।

(ज) काँजीहाउसमा पर्न आएका चौपायाको देहायबमोजिम चरुवाही खर्च दिलाउन लगाई सो चौपायाहरूलाई देहायमा लेखिएका दरले घाँस परालसमेत खुवाउनुपर्छ ।

(१) गाई भैंसी रांगा बैल घोडा घोडी र यही सरहका चौपायाकै घाँस पराल खर्च फी चौपायाको रोज १एकको रु १ एक

(२) बाछाबाछी पाडापाडी बछेडा–बछेडी खसीबोका र यीसरहका इत्यादि चौपायाके रु।। आठ आना

(३) फी चौपाया रोजको रु २ दुई आनाका दरले चरुवाही खर्च दने ।

(झ) उपदफा (ज) बमोजिम घाँस पराल खुवाउन र चरुवाही खर्च दिनानिमित्त खर्च गर्नलाई कडाहाकिमका इलाकाको थानापिछे रु१०० र चौकी पिछे रु ५० का मलदाई

232

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मौजदात राख्न लाउने गरी बडाहाकिमका तजवीजले मौजदात राख्न दिने गरी भाखबाट हस्तेवारी दिलाउन बडाहाकिमलाई साबको रु.१००० एकहजार अख्तियारी ठेकिएको छ, त्यस मध्येबाट चाहिने रुपैयां भाखबाट थाना चौकीका अफिसरे जिम्मामालबाट दिलाई साख माग भएका ७ दिनभित्र सो जिम्मा लिने अफिसरले आखा रीतपूर्वकको वातबात बुझाउनु; बुझाउन लाउनुपर्छ।

(ञ) उपदफा (घ) बमोजिम बसैले कबूल नगरेबाट गोशाखाना बुझाएका चौपाया लीलाम हुँदा कसैले कबूल नगरेबाट गोशाखाना बुझाएका चौपायाले खाएको घाँस परालको मोल र चरुवाही खर्चको रकम जुन थाना चौकीबाट सो खर्च भरेको छ, मिनाहालाई सो थाना चौकीले घाँस पराल किनी खुवाएको मोल बुझाएको र चरुवाही खर्च दिएको र चौपाया गोशाखाना बुझाएको भरपाई र कांजी हाउसको फारम नकल समेत लिखा इन्सपेक्टर अफिसबाट जाँची बुझी मिनाहा पाउने ठहरेको अंक मिनाहालाई गोस्वारामा रिपोर्ट गर्नुपर्छ।

(ट) त्यस्तो रिपोर्ट आएमा गोस्वाराले पनि जाँची बुझी उपदफा (ञ) को अख्तियारीभित्रको भए बडाहाकिमको तोकले मिनाहा दिनुपर्छ, सो मिनाहा भएको तोक मिलाई बही बुझी नैले भोजरा दिने गर्नुपर्छ।

(ठ) यसअघि जिल्ला गाउँ मौजामा सयकडा २ बिगाहाका दरले गौचर छोड्न लाउने विषयमा भइगएका सनदबमोजिम गौचर छुट्याई दी नसकेको भए यो सवाल दाखिल भएका वर्ष दिनभित्र बडाहाकिमले तारताकेता गरी गौचर छुट्याउन लगाई गौचर कायम गराई दिने गर्नुपर्छ। गौचर छुट्याउने काम

233 शुरु भएपछि यो बात ठाउँमा कायम गरिदिएँ भन्ने ३।२

महिनामा राज्यव्यवस्थामा जाहेरी पठाउनुपर्छ। सो म्यादभित्र गौचर छुट्याई दिन नसक्ने बडाहाकिम कर्तव्यको पालन गर्न नसक्ने ठहरी सजायको भागी बन्नुहुनेछ।

(ङ) उपदफा (झ) बमोजिम चौपायाले खाएको उपर भएको रुपैयाँ जुन ठाना चौकीबाट खर्च गरेको छ, सोही ठाना चौकीमा भर्ना गर्न पठाई भराई दिएको बिगोको दर्सौदको हकमा अघिनी तहसीलमा था सो अड्डाको काम गर्ने अड्डामा बुझाई भराई दिनुपर्छ।

(ढ) गोरखाराज्य इलाकाको ठाना चौकीमा पर्न आउने चौपाया हिफाजतसाथ राख्न कांजीहाउस बनिएको छ छैन, अथवा बनिएकोमा मरमत गर्नुपर्ने भए सो बनाउन मरमत गर्न के कति खर्च लाग्छ, लगत इष्टमेट गराई नयाँ कांजीहाउस बनाउन परेमा फि कांजीहाउस बनाउन रु.१००सम्म र मरमतसम्म गर्नुपर्नेमा रु. २५ मा नबढाई बडाहाकिमले पब्लिक वर्कसतर्फको फण्डबाट निकाशा दी बनाउन लगाई बनी तयार भएपछि जाँच पासमेत गराई सवाल सनदको रीत पुर्‍याई मिनाहाको निकाशा गरी पठाउनुपर्छ।

(ण) अघि भैरहेका सवाल सनदले बाली चराएमा महसूल तिरी चौपाया छुटाई लान पाउने भएबाट कांजीहौसमा पर्न आएका चौपायाको महसूल ग्रामपञ्चायतले पाउने ऐन बमोजिम अब चौपाया बाली चराएमा चौपाया लीलाम हुने भएमा ग्रामपञ्चायतको जिम्मा कांजीहाउस रहेकामा पनि यही सवालबमोजिम गरी माथि दफा दफामा लेखिएबमोजिम चौपाया लीलामबाट बढी आएको रुपैयाँ पशुचिकित्सालय खोल्न

228

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निमित्त जिल्ला आखमा जम्मा गराई सो रुपैयाँबाट पशुचिकित्सालय खोल्न पुग्ने भएवछि पशुचिकित्सालय खोलाउन जिल्ला गोस्वारामा रिपोर्ट गरी खोल्ने बन्दोवस्त मिलाउनु पर्छ।

(त) यो १६ नं. को सवालको बेहोरा सबै जनतामा थाहा हुनु भन्ना निमित्त यो सवाल लागू हुने जिल्ला इलाकाभर इस्तिहार तयारको पुर्जी गोस्वाराले जारी गरिदिनुपर्छ।

## कोटाको माल वितरण गर्ने विषय

१७. जिल्लाको निमित्त आउने नून तेल चिनी कपडा धागो सिमन्टी समायत झिकाउन र वितरण गर्दा देहायका दफामा लेखिएको रीत पुऱ्याई गर्ने गराउने गर्नुपर्छ।

(क) विदेशबाट जुन जिल्लालाई झिकाउन पर्ने कोटाको मालसामान हो, उसै जिल्लाका साहू महाजनहरूले भाडा भरौटसमेतमा अरुपरह झिकाउन कबूल गर्छ भने उसै जिल्लाको साहू महाजनलाई दिनुपर्ने हुनाले सो झिकाउने बन्दोवस्ती विषयमा हरएक जिल्लाका बडाहाकिममार्फत टाँस गराउने गर्नुपर्छ।

(ख) त्यसमा जुन जिल्लाका हो, उसै जिल्लाका साहू महाजनसमेतले झिकाउन कबोल नगरेमा र भाडा भरौटमा फरक घटी कबोल भएमामात्र अर्को जिल्लाका साहू महाजनलाई दिन हुन्छ।

(ग) सो मालसामानहरू आएपछि जिल्लाका बडाहाकिम र माल बजारका हाकिमहरूसमेतको एक कमिटी बसी भाडा भरौट के कति दिनुपर्ने हुन्छ, त्यसको प्रत्येक ठाउँमा पाही पर्ने गरी बिक्री वितरण गर्नालाई बिक्री गर्ने साहू महाजनलाई नोटिस दिई सो नोटिसका म्यादभित्र पर्न आएका दरखास्त गर्ने वानियमध्ये ककसबाट बिक्री गराउँदा तोकिएको रेटमा जनताले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुविस्तासाथ खरीद गर्न पाउने हुन्छ लायक ठहरेका साहू महाजनहरूबाट बिक्री वितरण गराउने निश्चय गरी सिभिल सप्लाई विभागमा लेखी पठाउनू ।

(घ) जिल्ला गोस्वाराबाट माथि लेखिएबमोजिम भई आएपछि दरेट कायम गरी यथा शीघ्र निकासा दिनुपर्छ नदी नोक्सान। अथवा रैती दुनियाँलाई नपाई फीर मर्का पर्न गए सिभिल सप्लाईज विभागले जवाफ देही हुनुपर्छ।

(ङ) उपदफा (घ) मा लेखिएबमोजिम वितरण हुने माल सामान र बिक्री गर्न पाउने मानिसको नामासी समेत कमिटीबाट निश्चय भई सकेपछि यो यो मौजा सामान यति रेटमा प्रत्येक जवानले यो यति टायमसम्मलाई यस महाजनबाट खरिद गर्नपाउँछ भन्ने गोस्वाराले नोटीस छापी प्रत्येक गाउँ मौजा बस्तीमा जारी गर्नुपर्छ ।

(च) सो काम पाएका महाजनहरू मध्ये कसकसले के कुन टायम मा कति माल सामान ल्याएको रहेछ त्यसको फाँटवारी १५।१५ दिनमा बडाहाकिमले सिभिल सप्लाई अफिसमा पठाउने गर्नुपर्छ ।

(छ) कोटाको माल सामान बिक्री गर्नेले सरकारी बिदाको दिन समेतमा दोकान बन्द गर्न नपाउने गरी बिहान ७ बजेदेखि बेलुकाको ७ बजेसम्म दोकान खुलाई राख्नुपर्छ।

(ज) कोटाको माल बिक्री गर्दा नजिक लायक पर्ने गरी कुन कुन परगन्ना तथा गाउँ मौजामा के कति पसल राख्नुपर्छ जिल्ला जिल्लाका बडाहाकिमले फांट बनाई सिभिल सप्लाईजमा पठाउनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) कोटाबाट आएका माल सामान तोकिएको दर रेटमा बिक्री गरेनगरेको गोश्वाराले आफै वा पुलीसद्वारा चेक गर्दै गराउँदै रही कसैले सो माल सामान कालो बजार गरेको देखिएमा पक्राउसमेत गरी तोकिएको दर रेटमा वायम कायम वा बिक्री गराउन लाउनुपर्छ।

(ञ) कोटाबाट आएको माल सामान कालो बजारबाट बिक्री गर्‍यो भन्ने कसैको उजुर पर्न आयो अथवा पक्राउ भई आएमा जिल्ला जिल्लाका बडाहाकिमले कारबाही गरी किनारा लगाई दिनुपर्छ।

(ट) कोटाबाट आएको माल सामान कालोबजारबाट बिक्री गरेको ठहरेमा १ दिनदेखि ६ महीनासम्म कैद अथवा रु. १० देखि १००० सम्म दण्डमा कैद र दण्ड दुवै गर्ने बडाहाकिमको तजवीज त्यस्ताको नाम नामासी फाँट बडाहाकिमले सिभिल सप्लाईज अफिसमा पनि दिनुपर्छ।

(ठ) कोटा बाहेक अरू चीजबस्तु बिक्री गर्दा नाजायज फाइदा उठाएको देखिन आउन आएमा पनि खरिद बिक्री भएको मालको हैसियत हेरी बडाहाकिमका तजविजले रु ५ देखि १०० सम्म दण्ड वा १ दिनदेखि २ महीनासम्म कैद गर्ने वा दण्ड कैद दुवै गर्न सक्नेछन्।

(ड) यस कुरामा अरू पनि उपनियमहरू बनाउन पर्ने भएमा तजबिज गरी सम्बन्धीत विभागमा पठाउन र सम्बन्धीत विभागबाट पनि उचित निकाला दिने गर्नुपर्छ।

१८. मुद्दा मामिला धेरै पर्ने इलाका जिल्लाका बडाहाकिमहरूले मु. मा. तर्फको काम समेत गर्दै बराबर दौडाहामा जानु बन्दोबस्त तर्फको काम समेत गर्दै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नै मै सबै काम भ्याउन नसक्ने भएमा उमजिका असिस्टेण्ट या मुख्या मा. मुख्याहरूलाई यति यति अख्तियारी दिई यो यो काम यस यसले गर्ने भन्ने नियम बनाई सम्बन्धीत विभागमा जाहेर गरी निकासा दिएबमोजिम काम गर्न गराउनुहुन्छ ।

१९. दुनियांहरूले जिल्ला जिल्लाका बडाहाकिमहरूकहाँ आई सबैको हित हुने सार्वजनिक कामहरूमा लगाउन निमित्त चन्दा उठाई काम गर्दा त्यस काममा सहयोग दिनुहवस भन्न आएमा चन्दा दिने रैति दुनियाँ खुशीराजी हुन्छन् भने यो यो काम गर्नाको निमित्त यस किसिमसंग चन्दा उठाई यो काम गर्ने सहयोग मागेका छन् भन्ने संबन्धीत विभागमा रिपोर्ट गर्नु विभागबाट स्वी कृति दिएमा चन्दा असुल गरी बैंकमा जम्मा गराई सहयोग दिई काम गर्न गराउन हुन्छ।

२०. अड्डा जाँच गर्ने विषयमा जिल्लाका अडिटर ह्वारेज भई गोस्वारामा गाभि- एको हुनाले सो जाचबूझ गर्दा देहायका दफा दफाबमोजिम गर्नुपर्छ ।

(क) आफ्ना मातहतका सरकारिया तहविल रहने माल २।२ साल गुठीमाल अस्थान मैनेजरी बजारसमेतको २।२ महीनामा १ पटक अरू अड्डाखाना को ४।४ महीनामा १ पटक जाच्ने गरी आएकोमा अब सो बमोजिम गर्नु पर्दैन तहविल वालाको उजूर परेमा र शंका लागेमा जैलेसुकै पनि जाँच गर्न हुन्छ। सालको १ पटक भने तहविल श्रेस्ता दुबै जाच गर्नुपर्छ ।

(ख) सो जाँच्दा अड्डाखानालाई खबर नदिई तहविल रोक्की गोस्वाराका बडाहाकिम वा असिस्टेन्ट अथवा खरिदार दर्जासम्मको मानिस गै जो जो श्रेस्ता हेर्दै बुझ्नु पर्छ हेरीबुझी आफ्नो पालो राखी हाकिम तहरिर तहविलदार समेत तीनै जिम्मा लिने हाकिमसमेत राखी उसै दिन रुजू गरी उसै

225

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनगन्ती गर्ने नपुक्ने रुपैयां पैसासमेत केही गन्ती गरी त्यसको तौल मिलाई तौल गरी तौलमा नमिलेजति गन्ती गरी तहबिलमा यो यो जातको रुपियां यति छ भन्ने दुरुस्त गरी हाकिम तहरिर तहबिलदार मांची जिम्मा लिनेको समेत कागत गराई सहिछाप गराई लिनू ।

[ग] गाउँ १।१ सांचसमेत नगदी मौजदात रहने अड्डाखाना-हरूको तहबिल नगदी मौजदात जांच्दा र रकम रकमको स्याहा फाराम धरौटी स्याहासमेत हेरी दुरुस्त मिलेकोमा तहबिल मौजदात दुरुस्त छ भनी स्याहा फाराममा सहिछाप गरीदिनू । दुरुस्त नमिली घटी भएकोमा सयकडा रु. १ सम्म नपुगे भर्ना रखाई दिनू, जरिवाना गर्नुपर्दैन । सोभन्दा बढी नपुगी बासेको ठहरेमा हाकिम तहबिलदार तहरिरको कागज गराई ऐन सवालबमोजिम गर्नू ।

(घ) तहबिल जांच्दा रकमा अंकमा घटिबढी नभै रकमसम्म फरक परेको देखिएमा श्रेस्ताबमोजिम तहबिल दुरुस्त नराखे बापत ऐन सवालबमोजिम जरिवाना गरी श्रेस्ताबमोजिम दुरुस्त राख्न लाउनू ।

(ङ) श्रेस्ताले हुनुपर्ने अंकभन्दा तहबिलमा बढी मौजदात रहेछ भने बताएको कारण खोली कागत गराउनू । सो बढी भएको तहबिल जाँच हुनुअगावै मुनासिब कारण देखा-एको भए केही गर्नुपर्दैन । पछी मात्र मुनासिब कारण देखाए रु ५ जरिवाना गर्नू । मुनासिब कारण देखाउन नसके बढी भएको आम्दानी बाँधन लाउनू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(च) जाँच गर्दा तहविल हिना मिना परेको ठहरे जमान-बन्दी गराई हाकिमलाई ऐनबमोजिम गर्दा काम गराउन नहुने भएमा हाकिम र तहविलको काम गर्ने भर्ना भै नआएसम्म तहविल हिफाजत गरी काम चलाउनलाई ऐन सवालको रीत पुऱ्याई कायम मुकायम जसलाई गराउनुपर्छ, गराई तहविलको हिफाजत र अड्डाको काम चलाउँदै रही सो बेहोरा संबन्धित विभागमा लेखी पठाउने गर्नू ।

(छ) सो जाँच गर्दा अड्डाखाना चौकी मेलखानाहरूका जागीरे जवान कसूर रहे नरहेको र ऐन सवालले खडा गर्नुपर्ने जगत किताप फाराम श्रेस्ताहरू कायम ठाममा तयार गरी राखे नराखेका र म्यादमा पठाउनपर्ने ठाउँमा पठाए नपठाएको औ मिसिल कागजपत्रहरू काम कामको छुट्टा छुट्टै मिसिल बनाई हाल साबिक भएमा बरे बुझारथ गर्न अडकाउ नहुने खोजेको बखत तुरुन्त पाउने हिसाबसंग कायदा माफिक हिफाजतसाथ राखे नराखेको र ऐन सवाल-बमोजिम बखत बखतमा गर्नु पर्ने काम गरेनगरेको समेत जाँच गर्नू ।

(ज) सो जाँच गर्दा मिसील कागजपत्र स्याहा श्रेस्ताहरू लेखिएबमोजिम हिफाजतसाथ नराखेको देखिएमा सो नगर्ने अड्डाका हाकिमलाई कं रु १ आना देखि कं.रु ५ रुपैयाँसम्म गोस्वाराका बडाहाकिमका सबविभले जरिवाना गरी सो जरिवाना असूल गरी मालको श्रेस्तामा आमदानी बाँधाई मिसिल कागज श्रेस्ताहरू खोजि गरेका बखत


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तुरुन्त पाइने गरी हिफाजतसाथ राख्न लाउने र स्याहा श्रेस्ता मिसिल कागजपत्रहरु पठाउन पर्ने ठाउँमा न-पठाएको रहेछ भने सो पनि पठाउन लगाउनु ।

(झ) अड्डाहरुबाट ऐन सवालबमोजिम असुल फछ्र्यौट गर्नु-पर्ने माल माहाजात र मुद्दा मामिलासमेत छिन्नु पर्ने ऐनका म्यादभित्र नफछ्र्याई बाँकी राखेमा मुनासिब कारणले बाँकी राखेको बाहेक अरुमा फी मिसिल कं रु १० रुपैयाँ र रिपोर्ट साधक गर्दुपर्ने बाँकी राखेमा मुलुकी सवालबमोजिम औ माल माहाजात र दण्ड जरिबाना-समेत अड्डा अड्डाबाट आफूलाई भएका सवालबमोजिम असूल फछ्र्यौट गर्नुपर्ने काम बाँकी राखेमा ऐन सवाल कबुलियतबमोजिम जो गर्नुपर्ने गरी फछ्र्यौट गर्न लाउनु।

(ञ) सोबमोजिम काम तामेल नगर्ने अड्डाका हाकिम तहरिर-समेत चाहिने मानिस गोस्वाराका बहालवालाका तज-विजले गोस्वारामा राखी काम गराउनुपर्ने देखिएमा अड्डाको काम नरोकिने हिसाबसँग चाहिने मानिस गो-स्वारामा ल्याई राखी काम गर्नु गर्न लाउनु ।

(ट) अड्डा जाँच गर्दा अड्डाहरुमा काम गर्न बाधा अडकाउ पर्ने र नोक्सानी पर्ने देखियो अथवा श्रेस्ता लामो भई धेरै टायम लाग्ने भयो भने नोक्सानी हुन नपाउने गरी बाधा अडकाउ परेको कुरा र गर्नुपर्ने श्रेस्ताको ढाँचा खडा गरी संबन्धित विभागमा रिपोर्ट गर्नु ।

(ठ) जाँच हुँदा सुस्ती बेहिसाब गरेको देखिएमा ऐन सवाल मिलेकोमा ऐन सवालबमोजिम गर्नु, ऐन सवालले अख्तियार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माइमिनिष्टरको निकाशा लिनुपर्ने कलमहरुमा पनि तूको हदमा अख्तियारभित्रको दण्ड जरिवाना सजाय हुने कलमसम्म पर्न आएमा पनि बडाहाकिमबाटै निकाशा दिनू अख्तियारभन्दा बढी दण्ड जरिवाना सजाय गर्नपर्नेमा र ऐन सवाल नमिलेको र ऐन सवाल मिले पनि सजाय घटी बढी गर्नपर्ने बडाहाकिमको चित्तमा लागेकोमा संबन्धित बिभागमा जाहेर गरी निकाशा भएबमोजिम गर्नु।

(ङ) अड्डा खानाहरुबाट हुनु गर्नुपर्ने काम हाममा गरी नदिई झुलाएको दिनुपर्ने नदिएको समेत मातहतका कर्मचारी उपरको उजुरी दर्खास्त बिन्तिपत्रमा टिकट नटाँसिएको भए पनि बुझी कारवाई गरिदिनु।

(च) हाकिमका नाउमा कराउनेका १८ क. नम्बरका ऐनबमोजिम ऐनले गरिदिनु लिनुपर्ने लिएन गरिदिएन, ऐन बर्खिलाप गरी काम गर्यो भन्नेसमेत श्रेस्ता अड्डाउपर अड्डैमा वा जाँच गर्न गएका बखत उजुरी दरखास्त दिएमा जाँच बुझ गरी बेहिसाब देखिएमा जुन अड्डाको हो, उसैको अपील सुन्ने अड्डामा पठाई निकाशा भएबमोजिम गर्नें भई रहेकोमा गोस्वाराका मातहत अड्डाजतिको अपीलमा पठाइरहन पर्दैन। बेहिसाब देखिएमा बडाहाकिमले ऐन सवाल बमोजिम गरि तुरुन्त तामेल गराउनुपर्छ। बडाहाकिमले गर्न पाउँने हदभन्दा बढी दण्ड दिनो लाग्ने भएमा संबन्धित बिभागमा जाहेर गरी निकासा लिनुपर्छ।

(छ) दण्ड बिना जरिवाना र अरु सजाय गरेकोमा हद्देख माथिकोमा बिभागमा अपील लाग्न शक्ने, त्यस्तो



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अपील परीआएमा बिभागले पनि हेरी किनारा लगाई दिनुपर्छ ।

२१. दौडाहा गर्ने र बिन्तिपत्र सुन्ने समेत देहायमा लेखिएका बिषयमा देहायमा लेखिएबमोजिम गर्नु गराउनुपर्छ ।

[क] जिल्लामा शान्ति बातावरण छ छैन बडाहाकिमले सोधखबर बराबर बुझदै रहनु पर्छ।

[ख] अशान्ति बातावरण भएको भन्ने खबर आएमा आफ्ना इलाकाभर जहाँ अशान्ति छ, त्यस ठाउँमा शान्ति बाता-बरण ल्याउन निमित्त जैले पनि दौडाहा गर्नुपर्छ ।

[ग] त्यस्तो केही नपरेमा वर्ष १ को २ पटक दौडाहा गरी जिल्लाको विचार गर्नुपर्छ, २ पटक दौडाहा नगरेमा ठेकिएको खान्गी भत्तामा आधा कट्टी हुनेछ ।

[घ] दौडाहा जाँदा गोरखाका बडाहाकिमका साथमा जान खटाएका हाकिम कामदार कारिन्दा हुद्दा सिपाहीहरूको १ महिना कमको तलब पेश्की झिक्नलाई यो यो दर्जाको यति जवान मेरा साथमा फलाना मितिदेखि दौडाहा जाने भएको हुनाले सो जवानहरूलाई फलाना फलाना महिनाको तलब पेश्की यति चाहिन्छ भन्ने दर्जा नाम नमैसी लेखी खोली तलब खुवाउने मालका नाउँमा बडाहाकिमले दस्तखत पुर्जी गरी पठाई तलब पेश्की झिकी बडाहाकिमले जिम्मा लिनी दौडाहामा खटिएकमा जवानहरूलाई ऐन सवालबमोजिम पाउने तलब बाँडी दी भर्पाई गराई ली दौडाहाबाट फर्केपछि तलब बाँडिएको भर्पाई पेश्की लगेको रुपैयाँ बाँकी भएको रुपैयाँ दाखिला बुझाई दिनु ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ङ] तल दफा दफामा लेखिएबमोजिम ठाडो बुझी पाउं भन्ने उजुरेमध्ये जिल्ला जिल्लामा पनि कोर्ट फी लाग्ने नियम बनि आएपछि सो कोर्टफी लाग्ने मुद्दाको उजुर रहेछ र कोर्टफी दाखिल गर्न सकिन भन्यो र त्यस्तो कोर्टफी दिन नसक्ने गरीब रहेछ भने प्रधान न्यायालयमा सिफारिश गर्नुपर्छ ।

(च) बडाहाकिमको रिपोर्ट र सिफारिशको काममा सरकारी सबै विभागहरूले ठूलो ध्यान दिई सो काम चाँडो गर्नै गर्नुपर्छ ।

(छ) बडाहाकिमले रैती दुनियाको विन्तिपत्र उजुरी सुन्ने नियम र टायम पनि निर्धारित गर्नुपर्छ ।

(ज) सो सबै विन्तिपत्र सुनी न्यायोचित कारवाई गर्न गराउनुपर्छ।

(झ) यो कुराको रैती दुनियांलाई थाहा दिन अखबारसमेतमा छपाई सबैले थाहा पाउने गर्नुपर्छ ।

(ञ) बडाहाकिमहरूले अड्डामा बसेका बखतमा वा दौडाहा गर्न गएका ठाउँमा नालेस दिन नसक्ने नाबालख बुढाबुढीहरूले लेखिका विन्तिपत्र ली या ठाडो कराउन आएमा सुनी बेहोरा सांचो हो भन्ने चित्तमा लागेमा लिफा दस्तुर नालेस नलीकन पनि आफनो अख्तियारभित्रको कुरा भए आफनै कचहरीबाट टहर गरी दिने र अदालत वा अरू अड्डामा पठाउनु पर्नेमा ठाडै कारवाई गर्नुपर्ने कुराको कारण समेत खोली लेखि पठाउने गर्नु। विभाग र प्रधान न्यायालयमा सिफारिश गरी पठाउनुपर्ने भयो भने सिफारिश गरी पठाउने गर्नु पर्छ । त्यसरी बडाहाकिमहरूले पठाएको रिपोर्टमा विभाग विभागले प्रधान न्यायालयसमेतले उचित निकाश दिनुपर्छ ।

२४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) इलाका इलाकामा जनता हिड्ने पुल बाटो दुरुस्त छ छैन बडाहाकिमले दौडाहा गर्न जाँदा जाँचबुझ गर्दै रहनुपर्छ।

(ढ) ठूलो ठूलो मेला धाममा मौका विचार गरी बडाहाकिम पनि पुग्नुपर्छ।

२२. सिमाना जाँच गर्दा जफताबमोजिम वर्षको १ पटक गोश्वाराको तहरिर खरिदार मुन्सीलाई खटाई पठाई आफ्ना इलाकाभरको सिमानाको नक्सासमेत दिई आफ्नातर्फबाट जाँच्ने जचाउने गर्नुपर्छ। सो जाँच गर्दा आफ्ना पट्टिको १० गजा चापी हाम्रै पट्टिका रैतीले अबाद गरेको मुदामिनार डाँडा भत्काए बिगारेको देखियो भने जफतामा लेखाय खुलेकोमा सोहीबमोजिम र विदेशीले गरेको रहेछ भने तहरिर खरिदार वा अमिनीका हाकिमबाट जफताबमोजिम विदेशी हाकिमसँग लेखापढी गरी गराई अबाद गरेको बन्द गराउन र बिगारेको बनाउन लगाई १० गजा साफ राख्न लगाई जाहेर गर्नू, सोबाहेक सिमाना विषयमा जफतामा नखुलेको अरू कुरा परी आएमा र नदी सिमाना भएका ठाउँमा नदी चक्कारी हाम्रो जिमीन विदेशतर्फ पर्न गएको रहेछ भने सो चक जिमीनको नजरी नक्सा खडा गरी परराष्ट्रविभागमा जाहेर गरी सूचना भए बमोजिम गर्नू।

२३. विदेशी र खराब चाल चलनको मानिसहरू हातहतियार ली वा नली जुनसुकै बखतमा हाम्रो तराईमा आउन बस्न मनाही गर्ने उर्दी पुर्जी परी लेखिएका किसिमको मानिस आए नआएको बराबर बुझ्दै मातहत अड्डालाई बुझ्न लाउँदै गरी त्यस्ता मानिस आएको देखिए बुझिएमा सो मानिसले मनाही गर्न उर्दी पुर्जी भएको थाहा नइकन पनि उर्दी भित्री आए बसेमा र मातहत अड्डाबाट पक्राउ भई आएमा समेत गोस्वाराका हाकिमले बुझी केही बदमासी नगरेको भए लाइसेन्स लिई आएको बाहेक अरूको हात हतियारसम्म जफत गरी सरहद कटाई पठाइदिनू।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बदमासी गरेको रहेछ भने ऐनबमोजिम सजाय गर्नलाई अघिनीमा बुझाई दिनू। यनाही गरेको थाहा नभई आर बसेमा बदमासी केही गरी नसकेको भए यहाँ बस्न हुँदैन भनी सरहद कटाई पठाइदिनू। विदेशी भए पनि भलादमी असल चाल चलनको मानिस भए केही नगर्नु, कुन ठाउँको कहाँबाट आएको हो के काममा कति समय बस्ने रहेछ सो र मानिसको औकात चाल चलन बुझी गृह विभागमा जाहेर गर्नू।

२४ दफेवां दिने कलमबाहेक देशनका कुरामा परराष्ट्र विभागबाट लेखी आएका सोबमोजिम काम तामेल गर्नें र जाहेर गर्नुपर्ने रिपोट जाहेर गर्नु, सो विभागबाट लेखी आएबमोजिम नगरी म्याद नाघ्यो भने जरिवाना गर्नेछन्।

(क) समन इतलायनामा बन्दपवाल पुलीसको रिपोर्ट सिहरोत विषयको।

(ख) बृटीश गोरखासमेत विदेशका पल्टनहरूमा नोकरी गरी रहेका वा मरेकाहरू र अरू कसैले नेपाल सरहदमा रहेका वारेसहरू खोज्ने विषयको।

(ग) वारेसहरूलाई मर्नेको र अरू कसैको जायजात पेन्सन बक्सिसको रुपियाँ तकमा वा अरू माल नेपाल सरहदमा रहेका मानिसहरूलाई दिने विषयको;

(घ) कसैले विदेशी सरहदमा मेरो वा मैले पाउने जायजात झिकाइपाऊँ भनी दरखास्त दिन आयो वा डाँकद्वारा दरखास्त पठाए विषयको।

(ङ) विदेशी सरकारमा जागीर भएका मानिसहरू बिदा मागी बसेका लेखिएका कुरा बुझ्ने बिदा बढेकोमा सो बिदा बढेको र नाउँ काटिएको खबर सुनाउने वा बिदामा आएकाहरू बिरामी वा मरेका हो होइन बुझ्ने र सो मानिसहरूका वारेसहरूलाई चिठी लेख्ने भनी सुनाउने विषयको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) पेन्सन जायजातको रुपियाँको हक साबिक गर्ने र सो पेन्सन जायजात इनाम बकसीस इत्यादि दिलाउने वा फिर्ता भराउनुपरेमा फिर्ता गराउने विषयको।

(छ) यस्तै किसिमको अरु परिआएको विषयको।

२५ हाम्रा सरदिया मानिस हिन्दुस्थानतर्फ गएका बखत विना पास गाँजा अफिम भाँग चरेस शराब इत्यादि लैजानेले पक्राउमा परी सजाय पाउने हुनाले कसैले त्यस्तो माल ली आएको छ भने नली जानु भनी उसतर्फ जाने मानिसहरुलाई सुनाई दिने गर्नु भन्ने मूल बाटोमा रहेका अड्डाखाना चौकिहरुलाई एर्दी दी राखी जनकपुर मटिहानी जस्तो मानिस धेरै जम्मा हुने ठाउंमा पनि सो कुरा प्रख्यात गरी दिने गर्नु।

२६ आफना आफना बाबु लोग्नेसंग र एका घरका दाजुभाई जेठा कान्छा बाबुहरु संग साथलागी हिन्दुस्थानतर्फ जान आएकालाई र हाम्रो सरहद जिल्लामा घरखेत भएको मुद्दा मामिलामा र अरु काम विशेषले नेपाल आएको जिल्ला आफना घर जान आएकोलाई ४५ वर्षमुनीका स्वास्नीमानिस भए पनि त्यसलाई रोक्नुपर्दैन छोडिदिनु।

२७ गोस्वारामा दरिएका र मातहत अड्डामा दरिएका जवान भर्ना गर्नेविषयमा देहायमा लेखिएबमोजिम गर्नु।

(क) अध्येश गोस्वाराका बडाहाकिमले खोसी भर्ना गर्न पाउने अख्तियारी बाहेकको आफआफना अड्डाका अरु जवानका हकमा बात कसुर नलागी वा काम दिन नसक्ने नभई बीचमा खोस्न पाउदैन, खाली भएमा मात्र सदरबाट भर्ना भई जाने बाहेकको जवान भर्ना गर्न पाउँछ, काम दिन नसक्ने जवान खोस्न परेमा [illegible] आदेश गरी सो बिभा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मसै मुनासीव ठहराएकालाई खोसी भर्ना गर्न पाउँछ।

(ख) गोरखाग मातहतका अड्डाखानाहरूले पनि खोसी भर्ना गर्न पाउने अख्तियारी पाएदेखि बाहेकका जवानको हकमा बात कसूर नलागी वा काम दिन नसक्ने नभई त्यसै खोस्न पाउँदैन, काम दिन नसक्ने भनी भई हेको खोस्न परेमा बडाहाकिम-कहाँ जाहेर गर्नुपर्छ। त्यस्तो जाहेरी आएमा जाँची काम दिन नसक्ने ठहरेमा किताबमा ३ पुस्ते दर्ता हुने जवानलाई सम्बन्धित विभागमार्फत जाहेर गरी सदर भइ आएबमोजिम गर्नू। लेखिएदेखि मनिकालाई बडाहाकिमले खोसी भर्ना गर्न दिन हुन्छ।

(ग) गोरखाग मातहतका कर्मचारीहरूले राजीनामा गरी छोड्ने भएमा बडाहाकिमका सामुन्ने राजीनामा गराउनुपर्छ, बडा-हाकिमले पनि सदरबाट भर्ना भइ जानेका हकमा सम्बन्धित विभागमा जाहेर गरी सदर भइआएबमोजिम भर्ना गर्नू। त्यस भन्दा मुनीको कर्मचारीहरूको हकमा बडाहाकिमले सदर गरी दिए बमोजिम हुन्छ गोरखाका कर्मचारीहरूले राजीनामा गरी छाड्नु भने बडाहाकिमको सामुन्ने राजीनामा गराइ राजव्यवस्थामा जाहेर गरी सदर भई आएबमोजिम गर्नू।

(घ) अड्डामा हाजिर नभइ राजीनामासम्म लेखिपठाउनेले नजि-कका अड्डामा गइ राजीनामा लेखिदिनुपर्छ। सो अड्डाले पनि लागिरे भइ रहेका अड्डामा सो राजीनामा पठाइदिनु, त्यस्तो राजीनामा आएमा माथि दफामा लेखिएबमोजिम गर्नू।

(ङ) माथि दफा दफामा लेखिए बाहेक अरू कुरामा मुलुकी सवाल भर्ना पक्रा बढुवा बारेको १२ दफाको देहाय १।२।३।४।५ दफाबमोजिम गर्नू।

२४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८ सदरबाट भर्ना भइ आउने बाहेक जिल्लामा भर्ना हुने कामदार, कारिन्दाहरूलाई हामीले कामकाज गर्दा कसैको पक्षपात नगरी सरकार दुनियाँको हक नछाडी निमक संझी ऐनसवालबमोजिम काम गरूँला सरकारको नोक्सान पारी वा चोरी डाँटी आफूले र अरूलाई समेत खाने खुवाउने छैन श्री ५ सरकारको माथगादी कसैले खलल गर्नाको मतलव गरे देखे सुनेको कुरा श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गरूँला। घूस रीसवतको सरसलामी खानेछैन भनी तामो, तुलसी गङ्गाजल हतमा दी हरिबंशको पुस्तक शिरमा राखन लगाई धर्म भकाउनु।

२६. विदेशतर्फ गोर्खा पल्टनमा र मिलिटरी पुलीसमा भर्ति गर्नालाइ रिक्रूट भर्ना गरी लानेपठाउने विषयमा परराष्ट्रविभागबाट आइर आएमा सो आइर बमोजिमका जवान तोकिएका म्यादभित्रसम्म राजखुसिसाथ गएका रिक्रुटलाई जाडिदिनु भन्ने मातहतहरूका ठाना चौकीलाई उर्दी दीराखी लेखिएबमोजिम गर्छ गर्न लाउनू। सो रिक्रुटी अफिसरहरूले त्यस इलाकाको नाका चौकीको बाटो विदेशतर्फ लगेका रिक्रुटहरु यति यति जवान लगे भन्ने फाँट वारी ६।६ महिनामा परराष्ट्रविभागमा जाहेर गर्नू

३० कैदी थुनुवा अड्डाद्वारा चलान गर्दा गराउँदा देहायमा लेखिएबमोजिम गर्नू, गराउनू।

(क) जिम्मा ली जाने मुख्य मानिसको हामीहरूले जिम्मा ली गएको कैदी थुनुवा अड्डासारा लैजाँदा मुनासीब दिनभित्र जुन अड्डामा दाखिल गर्नुपर्ने हो सो अड्डामा दाखिल गरौला, सोबमोजिम नगरी त्यहाँ पुग्नेमा घुमी गएबाट ढिला हुन गयो अथवा बासमा र बाटोमा समेत हामीलाई र कैदी थुनुवालाई चाहिने रसद जिन्सी रैती दुनियाँसगत कसैले पोर टन्टा नगरी बजार रहेका ठाउँमा

 आधिकारिकता मुद्रित बजारभाउ किनिएका ठाउँमा ... पाइएमा ... (overprinted, illegible)

रिद गरी खानु खुवाउने गरौंला, सोबमोजिम नगरी बाटोमा ढिला गरी रैतीलाई बेगारीसमेत कुनै टंटा लगाएको र रसद-समेत कुनै चिज बिज लुटपिट गरी वा सुफत मोल नतिरी रैती दुनियाँलाई दुख पीर दी खाए खुवाएको ठहरे नियमबमोजिम सजाय बुझाउँला भन्नेसमेत जो चाहिने बेहोराको ऐन सवाल-बमोजिम कागज गराई कैदी थुनुवाहरु अड्डासारा पठाउने पठाउन लगाउने गर्नू।

[ख] कैदी थुनुवा अड्डासारा चलान गर्दा जेल सुधारका नयाँ दरबन्दीबमोजिम सिधा खर्च र बोकानी गाडा मजुरी दि-ने लिने गरी बोक्ने मानिसको र गाडाको बन्दोबस्त गरी माथि लेखिएबमोजिम जिम्मा ली जाने मुख्य मानिसको काग-ज गराई पठाउनु सोबमोजिम गाडा र मानिसको बन्दो-बस्त गर्दा एउटैलाई आखिरी अड्डासम्म बोकाई ल्याउँदा पिर पर्ने हुनाले अड्डा अड्डामा फेर्ने किसिमसम बन्दोबस्त गर्नू। मजुरी दिने हकमा गोश्वाराबाट चलान भएकोमा नजिक मालका आमदानीबाट र नगदी तहबील मौजादात रह-ने अड्डाबाट चलान गर्नुपर्ने भएमा अड्डैका आमदानीबाटै जिम्मा ली जाने मुख्य मानिसको भर्पाई गराई स्याहामा खर्च लेखी दिने दिलाउने गर्नू।

[ग] जिम्मा ली जानेले पनि सो बोकाई मजुरी दिनुपर्ने जति रोज रोज बोक्ने मानिस वा गाडा वालाको भर्पाई गराई दिने गरी यसै हिसाबसँग आखिर अड्डासम्मको मजुरी दी बाँकी रहेको नगदी र मजुरी पाउनेकेर सकल भर्पाई

240 अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समेत अड्डामा दाखिल गर्नु। अड्डाले पनि सो दाखिल गरेको नगदी वेहोरा जनाई स्याहामा आम्दानी बाध्नु बाउंछ, मजुरी खर्च लेखेकोमा बही बुझदा मज्जुरी जिम्मा को आमे को र मजुरी पाउँनेको सक्र र अर्पाइभिडाई दिनह होला।

(घ) बेलिष्वमोजिम चलान भएको कैदी थुनुवा भनासित दिन-भित्र दाखिल गर्नुपर्ने ठाउँमा दाखिल नगरेमा र बासमा र बाटोमा समेत जिम्मा लिई जाने बेगारीसमेत कुनै ढंग लगायो, चाहिने रसदसमेत कुनै चीजबीज लुटपिट गरी वा गाउँ बजारमा चलेका दरमा खरीद नगरी रैती दुनियाँ बेपारी-समेत कसैलाई दुःख पीर दी खायो खुवायो भन्ने कसैको उजुर पर्न आएमा जुन अड्डाले पनि उजुर बुझिली फलानाको यो वेहोराको उजुर पर्न आएकोले निज जिम्माको कैदी थुनुवा बुझिली उजुरीको तहकिकात गर्न यस अड्डामा हाजिर हुन जानु भन्ने पुर्जी दी यस अड्डामा पठाइदिनू भन्ने सो कैदी थुनुवा बुझीलिने आखिरी अड्डालाई लेखी झिकाई र नआ-एमा ऐन बमोजिम सबन तामेल गरी ठहरेबुझी कसूर गरेको ठहरे गोस्वाराबाट कारवाई भएकोमा र मातहत अड्डाबाट कारवाई भई सजायलाई जाहेर गरेमा समेत बिर्जाइ बिर्तुल गर्नेलाई कसूर अनुसार जागीर खोस्ने समेत सजाय मन गर्न सम्बन्धीत विभागमा जाहेर गरी निकासा बक्सेबमोजिम गर्नु गर्न लाउनु।

## जंगलतर्फको काम

२१ मधेश जिल्लाका जंगल तर्फको काम सर्कल अफिसले रेखदेख गरी आएकोमा अब उप्रान्त जंगल कुनै किसिमबाट नोक्सान हुन नपाउन भनी पंचायतको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निमित्त बडाहाकिमले समेत रेखदेख गर्ने गर्नुपर्छ जंगल फाँडी वा लकडी चोरी काटी निकासी गर्ने गरेको छ छैन भन्नेसमेत बडाहाकिमले पनि रेखदेख गर्दै रही बेहिसाब भए गरेका देखिए पक्राउ गरी जमानबन्दी गराई ठेकदारले गरेमा तालुक विभागमार्फत जाहेर गरी पठाई रे अरूले गरेकोमा ऐनबमोजिम सजाय गर्ने इलाका अड्डातर्फ बुझाई सो बेहोरा वन जाँच सर्कललाई खबर दी जाहेर गर्ने गर्नु। सोबमोजिम नगरी जंगल नोक्सान हुन गए बडाहाकिमले पनि जवाफदेही हुनुपर्छ।

१२ वन विभागले कुनै जिल्लाका जंगलको लकडी ठेकमा दिने बन्दोबस्त भएमा सरकार र ठेकदारको बीचमा भएको एग्रीमेन्टको १।१ कपी इलाका गोस्वारामा पठाई सूचना दिने गर्नुपर्छ गोस्वाराले पनि सोबमोजिम श्री राख्ने गर्नुपर्छ।

१३ सर्कल आफिस वन जाँचलाई भएका सवालबमोजिम टाँचा चिनार्का लाउनुपर्ने काममा टाँचा चिनार्का लाउँदा र ठेकदारलाई बिक्री भएका लकडीको फाइनल जाँच गर्दा समेत गोस्वारा पनि साक्षी राख्ने बस्ने गर्नुपर्छ। सोबमोजिम गर्ने गर्न सम्बन्धित सर्कल वन जाँचले खबर दिई गोस्वारा साक्षी राख्ने र गोस्वाराबाट पनि दर्जा पुगेको सुबेदारसम्मको अफिसर साक्षी खडाई कामकाज गर्नु गराउने गर्नुपर्छ।

१४ बडाहाकिमले आफ्ना जिल्लाको वनजंगलसमेत रेखदेख गर्नुपर्ने भएको हुनाले जिल्ला दौडाहा गर्न जाँदा वन जंगल जाँची नोक्सान भए गरेको देखिए दफा दफामा लेखिएबमोजिम गरी र जंगलको बन्दोबस्त गर्नुपर्ने समेत देखिएको बन्दोबस्त गर्नु मुनासिब पर्छ, तजबीज गरी वन विभागमा जाहेर गर्ने गर्नुपर्छ।

२४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नहरतर्फको काम

१५ सरकारी नहर रहेको जिल्लामा सो नहर बडाहाकिमले पनि रेखदेख गर्ने गर्नुपर्छ र सो नहरहरूलाई भएका सवाल सनद्‌बमोजिम कायम टायममा गर्नु पर्ने काम टायम टायममा भए गरेको नदेखिए के कारणबाट नभएको रहेछ बुझी जिल्लैबाट गर्नु गराउनु हुनेमा काम तामेलसमेत गर्न लगाई र केही कुराको बन्दोबस्त गर्नु पर्ने देखिए के गर्न मुनासीब पर्छ, तजवीज गरी नहरविभागमार्फत जाहेर गर्नुपर्छ ।

१६ यो ऐनमा लेखिएको कुराबाहेक अरू गोश्वाराका नाउँमा भइरहेका साबिक सवाल सनद अर्को अहर नआएसनद कायमै रहेको छ, सोबमोजिम गर्दै रही काम गर्दा सो सवालहरू संशोधन गर्नुपर्ने र खारेज गर्नुपर्ने खारेज गर्ने नयाँ निकाल्न चाहिनेमा समेत कारण परिबन्द खुलाई अरू गर्नुपर्ने ऐनको तर्जुमा समेत गरी यो ऐन दाखिल भएको ३ महीनाभित्र गोश्वारा गोश्वाराले १ महले बनाई राज्यव्यवस्थामा पठाई दिने र राज्यव्यवस्थाले पनि आफ्नो विभागको राय लेखी कानुनविभागमा पठाउनुपर्छ ।

१७ जिल्ला जिल्लाको परिस्थितिमा थोर बहुत फरक पर्ने र सो फरक भएका कलमहरूमा जिल्ला जिल्लालाई छुट्टै सनद भइरहेका कलमहरूमा जिल्ला जिल्लाका गोश्वाराहरूले यो ऐन दाखिल भएको ३ महीनाभित्र १ महले बनाई राज्यव्यवस्थामा पठाई राज्यव्यवस्थाको रायसमेत राखी कानुनविभागमा पठाइदिनुपर्छ ।

१८ यो ऐनबमोजिम कामकाज गर्दा बाधा अड्काउ वा सरकारको हानि नोक्सानी र दुनियाँलाई पीर मर्का हुने देखिमा अथवा यस ऐनमा थपघट गर्नुपर्ने दे—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खिन आयो भने हानि नोक्सानी र पीर बाधा हुन नपाउँदै बाहिर गरी निकासी गी काम चलाउने गर्नुपर्छ, सो बमोजिम नगरे बात लाग्छ।

इति २०१२ साल गते रोज शुभम्

आज्ञाले—

सदर ०१२।७।१८।६ मा

रत्न बहादुर

सेक्रेटरी— कानुन विभाग

मुद्रण विभाग, सिंहदरबार



गोरखापत्र छापाखानामा मुद्रित । मैनेजर मेघराज शर्मा ।